
# लेखापरीक्षण प्रतिवेदन

# थलारा गाउँपालिका, बझाङ

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# थलारा गाउँपालिका, बझाङ

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश**
**काठमाडौ**

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/530

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
थलारा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
बझाङ ।

## कैफियतसहितको राय

हामीले थलारा गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। गाउँपालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.९ करोड २२ लाख ८५ हजार, र एकिकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.६ लाख ६० हजार समेत गरी रु.९ करोड २९ लाख ४५ हजार समावेश गरेको छैन।
२. गाउँपालिकाको रु.१ अर्व ३ करोड ८९ लाख ४२ हजार लेखापरीक्षण गरिएकोमा रू.२ करोड ४२ लाख ४७ हजार बेरुजू देखिएकोमा असुल गर्नुपर्ने रू.१८ लाख १० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.५६ लाख २० हजार, नियमित गर्नुपर्ने रु.१ करोड १८ लाख १७ हजार र पेस्की बाँकी रु.५० लाख रहेको छ। गत वर्षसम्म रु.१५ करोड ७२ लाख ७१ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१७ करोड ५८ लाख ६१ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।
३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ।

एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य बेहोरा

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनि यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पशुपति कुमार काफ्ले)

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

## चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५९ | २३२ | २,४२,४७,१२८ | ० | ० | ० | ० | ५९ | २३२ | २,४२,४७,१२८ | १८,१०,१३८ | १,१८,१६,८३५ | ५६,२०,१५५ | ० | ० | १,७४,३६,९९० | ५०,००,००० |

## अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बझाङ | १५,७२,७१,००८ | ० | ५६,५६,६४० | १५,१६,१४,३६८ | ० | २,४२,४७,१२८ | १७,५८,६१,४९६ |

## बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९/८० | ४ | समपुरक योजना | २४,०९,०९२ |
| २ | २०७९/८० | ३५ | बढी पेश्की | ५,६१,५४८ |
| ३ | २०७९/८० | २० | पेश्की बाँकी | २०,००० |
| ४ | २०७९/८० | ५ | अनुदान फिर्ता | २६,६६,००० |
| जम्मा | | | | ५६,५६,६४० |

# (८०७७०५०६३०० - थलारा गाउँपालिका, बझाङ )

# परिचय

१ **परिचयः**

**(क) कार्यालय परिचय :-** संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। संघ, प्रदेश एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाइ प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु पालिकाको मुख्य उद्देश्य छ । यस थलारा गाउँपालिकामा ९ वडा, १०५.५ वर्ग किलोमिटर क्षेत्रफल, ४५ सभा सदस्य तथा २०७८ को तथ्याङ्क अनुसार १७ हजार ९५२ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।१२ देखि २०८१।५।१६ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय व्यय रू.१ अर्ब ३ करोड ८९ लाख ४२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। कारोवारको विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.२,७५,६६७।-असुल भइ दाखिला प्रमाण पेश भएको छ।

| कार्यक्रमको नाम | विवरण | रकम रु |
|---|---|---|
| पाठ्यक्रम प्रवोधिकरण तालिम अनुगमन | तालिम कार्यक्रम अनुगमन भत्ता भुक्तानी | ५१०० |
| शिक्षकहरुलाई प्राथमिक परामर्श | कार्यक्रम अनुगमन भत्ता भुक्तानी | ५१०० |
| शिक्षकहरुलाई परिमार्जित पाठ्यक्रम प्रवोधिकरण तालिम | कार्यक्रम अनुगमन भत्ता भुक्तानी | १०१५० |
| अनुदान अनुगमन | नपाउने भत्ता भुक्तानी | ५९५०० |
| वडा समिती वैठक | नपाउने वैठक भत्ता भुक्तानी | ५९५० |
| कृषक अनुदान | अनुदान वढि भुक्तानी | ६४००० |
| सामाजिक सुरक्षा | वितरण भई वाँकी सामाजिक सुरक्षा भत्ता दाखिला | ४२०७८ |
| राजश्व आम्दानी | आम्दानी भएको राजश्व दाखिला | ८३७८९ |
| जम्मा | | २७५६६७ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षण**

पालिकाको वित्तिय परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नानुसार छन्:

२.१ कार्यालयले तयार गरेको आय व्यय र सूत्र प्रणालीबाट तयार आम्दानी खर्चको विवरण अनुसार देहायको कैफियत देखिएका छन् ।

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| क्र.स./ आर्थिक सङ्केत | विवरण | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | ७,२०,५२,५३१.७५ | ० | ७,२०,५२,५३१.७५ | ७,१५,२९,६५४.७० | ० | ७,१५,२९,६५४.७० |
| १३००० | अनुदान | ३१,८८,२३,०८४.६० | ० | ३१,८८,२३,०८४.६० | ३५,२९,४४,६४०.४१ | ० | ३५,२९,४४,६४०.४१ |
| १४००० | अन्य राजस्व | १९,८१,६५९.२९ | ० | १९,८१,६५९.२९ | ४,९०,५००.०० | ० | ४,९०,५००.०० |
| १५००० | विविध प्राप्ति | २६,४००.०० | ० | २६,४००.०० | १९,१०,०००.०० | ० | १९,१०,०००.०० |
| क | कुल जम्मा प्राप्ति | ३९,२८,८३,६७५.६४ | | ३९,२८,८३,६७५.६४ | ४२,६८,७४,७९५.११ | | ४२,६८,७४,७९५.११ |
| ३ | चालु | ३०,५७,२९,३९५.२८ | ० | ३०,५७,२९,३९५.२८ | ३६,३५,०६,०६२.९८ | ० | ३६,३५,०६,०६२.९८ |
| २१००० | पारिश्रमिक / सुविधा | २०,३९,७७,२६३.२८ | ० | २०,३९,७७,२६३.२८ | २३,४४,०८,२९५.३० | ० | २३,४४,०८,२९५.३० |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ६,१९,१२,७७८.०० | ० | ६,१९,१२,७७८.०० | १२,३४,३९,३१५.०७ | ० | १२,३४,३९,३१५.०७ |
| २५००० | सहायता (Subsidy) | ३,१२,३०,१२७.०० | ० | ३,१२,३०,१२७.०० | २३,०८,४८८.०० | ० | २३,०८,४८८.०० |
| २७००० | सामाजिक सुरक्षा | ६३,३०,३६७.०० | ० | ६३,३०,३६७.०० | ३२,८५,१७९.०० | ० | ३२,८५,१७९.०० |
| २८००० | अन्य खर्च | २२,७८,८६०.०० | ० | २२,७८,८६०.०० | ६४,७८५.६१ | ० | ६४,७८५.६१ |
| ४ | पूंजीगत | ८,२५,४५,६०४.०० | ० | ८,२५,४५,६०४.०० | ११,७१,७०,६३४.१४ | ० | ११,७१,७०,६३४.१४ |
| ३१११० | भवन तथा संरचना | ६४,७७,९२४.०० | ० | ६४,७७,९२४.०० | ३,२३,००,६६६.१४ | ० | ३,२३,००,६६६.१४ |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | १७,७६,५२९.०० | ० | १७,७६,५२९.०० | ९६,७४,५९९.०० | ० | ९६,७४,५९९.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | २७,८७,८८४.०० | ० | २७,८७,८८४.०० | ९५,६१,६६३.०० | ० | ९५,६१,६६३.०० |
| ३११५० | सार्वजनिक निर्माण | ७,१५,०३,२६७.०० | ० | ७,१५,०३,२६७.०० | ६,४६,३८,२०६.०० | ० | ६,४६,३८,२०६.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ० | ० | ० | २,८८,०००.०० | ० | २,८८,०००.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | ० | ० | ० | ७,०७,५००.०० | ० | ७,०७,५००.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ख) | कुल जम्मा भुक्तानी | ३८,८२,७४,९९९.२८ | | ३८,८२,७४,९९९.२८ | ४८,०६,७६,६९७.१२ | | ४८,०६,७६,६९७.१२ |
| ग) | बचत /कमी (ग = क-ख ) | ४६,०८,६७६.३६ | | ४६,०८,६७६.३६ | -५,३८,०१,९०२.०१ | | -५,३८,०१,९०२.०१ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | १७,०५,८३६.४८ | | १७,०५,८३६.४८ | २४,४०,८००.८२ | | २४,४०,८००.८२ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | ७,४८४.०० | | ७,४८४.०० | -४,१०६.०० | | -४,१०६.०० |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | ६३,१४,५१२.८४ | | ६३,१४,५१२.८४ | -५,१३,६१,१०१.१९ | | -५,१३,६१,१०१.१९ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | १,६६,२०,४५०.६४ | | १,६६,२०,४५०.६४ | ६,७९,८१,५५१.८३ | | ६,७९,८१,५५१.८३ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | २,२९,३४,९६३.४८ | | २,२९,३४,९६३.४८ | १,६६,२०,४५०.६४ | | १,६६,२०,४५०.६० |

**फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.१६६२४५५६।६४ मौज्दात रहेकोमा यो वर्ष रु.१६६२०४५०।६० जिम्मेवारी सारेको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.४१०६।०४ बढी जिम्मेवारी सारेको सम्बन्धमा फरक पर्नाको कारण सहित कार्यालयले यकिन गर्नुपर्दछ ।

**वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.९२२८५०००। स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.६६००००।०० समेत गरी रु.९२९४५०००।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

**फरक हिसाब** – पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.४१०६।, यस वर्षको प्राप्ति रु.१२९७४०९८३।३८, यस वर्षको भुक्तानी रु.१२८०४२६३०।९० र बैङ्क मौज्दात रु.७४८४।४८ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | १६६२४५५६।६४ | ३९,२८,८३,६७५.६४ | ३८,८२,७४,९९९.२८ | २,२९,३४,९६३.४८ |
| एकीकृत आर्थिक विवरणअनुसार | १६६२०४५०।६४ | ५२२६२४६५९।०२ | ५१६३१७६३०।१८ | २२९२७४७९। |
| फरक | ४१०६। | १२९७४०९८३।३८ | १२८०४२६३०।९० | ७४८४।४८ |

२.२ पालिकाले सुत्र प्राणालीबाट तयार गरेको बैंक नगदी कितातको विनियोजन तथा कोष तर्फको बैंक नगद मौज्दात रु २२७३७४७९।५३ रहेको र बैंक खाताहरुमा रहेको मौज्दात जोडजम्मा गर्दा समेत सोही मौज्दात रहेको पाईयो । तर सुत्र प्रत्राणीले तयार गरेको आर्थिक वर्षको अन्त्यमा रहेक नगद तथा वैंक मौज्दात रु २२९३४९६३।४८ रही रु १९७४८३।९५ फरक परेकोले हिसाव मिलान गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

३ **बजेट तथा कार्यक्रम**

पालिकाको बजेट तथा कार्यक्रम सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्;

३.१ **श्रोत अनुमान समिति**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति रहने र समितिले ऐन बमोजिम आयको प्राक्षेपण गरी बजेटको सिमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने लगायतका कार्य गर्न श्रोत अनुमान तथा बजेट निर्धारण गर्नुपर्ने व्यवस्था छ । पालिकाको स्रोत अनुमान समितिको बैठक २०८०।१।९ मा बसी रु ३९७७६३९००। को सिमा निर्धारण गरेको छ । समितिले बजेटको स्रोत, सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने र आगामी आर्थिक वर्ष पछि २ आर्थिक वर्षको बजेट प्रक्षेपण गर्ने कार्य समेत गरिनु पर्दछ ।

३.२ **बजेट तर्जुमा** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(२) मा बजेट तथा कार्यक्रम तर्जुमा समितिले आयको प्रक्षेपण, वितरणको खाका तथा कार्यक्रम तर्जुमा गर्दा बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, क्षेत्रगत रुपमा छलफल गरी अन्तिम प्रस्ताव तयार गर्ने, कार्यक्रममा दोहोरोपना आउन नदिने लगायतका कार्य गर्नुपर्दछ । पालिकाको बजेट तर्जुमा समितिको गठन गरी बैठक बसेको माईन्यूट तथा विवरण लेखापरीक्षणमा पेश भएन । बजेट तथा कार्यक्रमलाई कार्यान्वियन योग्य बनाउन ऐन अनुरुप समिति गठन गरी आयको प्रक्षेपण, वितरणको खाका कार्यक्रमको प्राथमिकिकरण, क्षेत्रगत रुपमा छलफल गरी अन्तिम प्रस्ताव तयार गर्ने तथा कार्यक्रममा दोहोरोपना आउन नदिने कार्य गर्नुपर्दछ ।

३.३

**योजनाको प्राथमिकीरण** -स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति , लक्ष्य र प्रक्रिया तथा दिगो

विकास लक्ष्यको आन्तरिकिकरण र सामान्जस्यता गरेको छैन । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिका पालिकाले आर्थिक वर्ष २०८०।८1 मा निम्नानुसार वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु. १० लाख भन्दा माथिका योजना सङ्ख्या | रु.५ लाखदेखि १० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | २२१ | १८ | २२ | १८१ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धिभै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका योजना मध्ये १७ योजना कार्यान्वियन हुन नसकेको १८१ योजनामा ५ लाख भन्दा कम विनयोजन गरेको । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

३.४ **रकमान्तर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ रकमान्तर तोकिए बमोजिम रकमान्तर गर्न सकिने व्यवस्था छ । कार्यपालिकाको पटक पटकको निर्णयले विभिन्न शिर्षकहरुवाट रु १ करोड ४८ लाख ५७हजार बजेट घटाएको तथा रु १ करोड ४८ लाख ५७ हजार बजेट बढाएको छ । बजेट प्रस्तुत गर्दा चालु खर्च शिर्षक र पूँजीगत खर्च छुट्याई बजेट प्रस्तुत नगरेकोले यथार्थ पूजीगत बजेट यकिन गर्न नसकी रकमान्तर सिमा भित्र रहे नरहेको यकिन गर्न सकिएन । यथार्थपरक बजेट बनाई सुत्रमा ब्रविष्ट गर्ने र ऐनको प्रकृया पुर्याएर मात्र रकमान्तर गरिनु पर्दछ ।

३.५

**प्रगति विवरण** - कार्यालयले त्रैमासिक र वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरे छैन । त्रैमासिक र वार्षिक प्रगति विवरण बनाई तालुक निकायमा पठाउने तथा कार्यक्रम र प्रगतिको समिक्षा गरिनु पर्दछ ।

३.६ **गत विगतको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व रु ६५ लाख बजेटमा समावेश गरी रु. ५५ १५२२५।- भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

४ **अनुदानको उपयोग**- कार्यालयले प्रदान गर्ने अनुदानको वितरण वास्तविक लाभग्राहीले प्राप्त गर्ने सुनिश्चितता, अनुदानको सदुपयोग, मितव्ययी अनुदान वितरण, प्राप्त गरेको अनुदानले जीवनस्तरमा पार्ने प्रभाव लगायतको सुनिश्चितता गरी अनुदान वितरण गर्नुपर्दछ । नमुना छनौटको आधारमा परीक्षण गर्दा पालिकाले वितरण गरेको अनुदान प्रकृया र अनुदानको मूल्याँकन गर्दा समूह तथा निजी फर्म छनौट गरेको आधार पेश नभएको, वडा कार्यालयको सिफारीशका आधारमा छनौट गरेको, गोठ निर्माण गरेका फर्मलाई बाख्रा वा भैसीका पाडा वितरण नभएको र बाख्रा वा भैसीका पाडा वितरण गरेकालाई गोठ निर्माण नभएको, खरिद गरिएका वाख्रापाठाको दर सरकारी निकायवाट लिई उचित मूल्यमा एकमुष्ट खरिद नगरी कृषक आफैले बिभिन्न निजी व्यक्तिका फर्मबाट खरिद गरेको विलको

आधारमा अनुदान रकम भुक्तानी दिएको, लिएका पाठापाठी प्रजनन योग्य रहे नरहेको स्पष्ट नखुलाएको, गोठ निर्माण गरेकाहरुले पनि पशुपालन गरे नगरेको सुनिश्चितता नगरेको, अनुदान लिएपश्चात न्यूनतम कति समय पशुपालनमा आवद्ध रहने कवुलियत नगराएको, सरकारी अनुदानको दुरुपयोग भए नभएको मूल्याङ्कन गरेको नदेखिएकोले प्रदान गरिएको अनुदानको उचित उपयोग र उपलव्धि सम्बन्धमा आश्वस्त हुन सकिएन ।

| भौ नं मिति | अनुदान पाउनेको नाम | प्रयोगजन | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ९९-२०८१।३।१८ | जोशी बाख्रा फार्म (निजी फर्म) | गोठ निर्माण | ९६००० | |
| १००-२०८१।३।१८ | एम एस ए पोल्ट्रि फर्म (निजी फर्म) | मासु प्रवर्द्धन | ५०००० | आषिष खुद्रा तथा फलफूल पसल समेत रहेको र प्रति जोर टर्कि चल्लाको दर ४५००। |
| १०२-२०८१।३।१९ | जयमष्टा सुर्मा पशुपंक्षी फर्म (निजी फर्म) | गोठ निर्माण | ९५३३० | |
| १०३-२०८१।३।१९ | शारदा बहुउद्देश्यीय कृषि तथा पशुपंक्षी फर्म (निजी फर्म) | गोठ निर्माण | ९६००० | |
| १०४-२०८१।३।१९ | कृषक तथा सहकारी फर्म ८ समूह रहेको | मासु प्रवर्द्धन | २६०००० | |
| १०७-२०८१।३।२१ | श्रृजना पोल्ट्रि फर्म (निजी फर्म) | मासु प्रवर्द्धन | ५०००० | प्रति लौकाटको चल्ला दर ७१०० रहेको |
| १०९-२०८१।३।२१ | रावल वाख्रा फर्म(निजी फर्म) | मासु प्रवर्द्धन | ६०००० | स्थानीय खरिजातका १० पाठा आफैले खरिद गरेको |
| ११०-२०८१।३।२२ | मष्टा कृषि फर्म (निजी फर्म) | मासु प्रवर्द्धन | ६०००० | स्थानीय खरिजातका १० पाठा आफैले खरिद गरेको |
| १११-२०८१।३।२२ | पवित्रा बहुउद्देश्यीय कृषि तथा पशुपंक्षी फर्म (निजी फर्म) | मासु प्रवर्द्धन | ६०००० | स्थानीय खरिजातका १० पाठा आफैले खरिद गरेको |
| १२१-२०८१।३।२२ | फूलवारी कृषक समूह | मासु प्रवर्द्धन | ५९००० | स्थानीय खरिजातका १० पाठा आफैले खरिद गरेको |
| १२२-२०८१।३।२२ | जिवनज्योति कृषि तथा पशुपंक्षी फर्म (निजी फर्म) | मासु प्रवर्द्धन | ६०००० | स्थानीय खरिजातका १० पाठा आफैले खरिद गरेको |
| १२६-२०८१।३।२३ | जयमष्टा कृषि तथा पशुपंक्षी फर्म (निजी फर्म) | मासु प्रवर्द्धन | ६०००० | स्थानीय खरिजातका १० पाठा आफैले खरिद गरेको |
| १२७-२०८१।३।२३ | जोशी कृषि तथा पशुपंक्षी फर्म (निजी फर्म) | मासु प्रवर्द्धन | ६०००० | स्थानीय खरिजातका १० पाठा आफैले खरिद गरेको |
| १३९-२०८१।३।२४ | प्रगतिशिल बाख्रा पालन फर्म(निजी फर्म) | मासु प्रवर्द्धन | ६०००० | स्थानीय खरिजातका १० पाठा आफैले खरिद गरेको |
| १४२-२०८१।३।२४ | भवानी पशुपंक्षी कृर्षि फर्म(निजी फर्म) | गोठ निर्माण | ९६००० | |
| १४३-२०८१।३।२४ | लाली गुराँस महिला कृषक समूह | मासु प्रवर्द्धन | ६०००० | कृषक आफैले खरिद गरेको |
| १४५-२०८१।३।२४ | अहिल्या पशुपंक्षी पालन समूह | मासु प्रवर्द्धन | ६०००० | पडा वितरण आफले खरिद गरेको |
| | जम्मा | | १३४२३३० | |

५ **खरिद तथा ठेक्का अभिलेख**

पालिकाको खरिद तथा ठेक्का अभिलेख सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन:

५.१ **खरिद योजना-** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै नियमावलीको नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ ।पालिकाले विभिन्न शीर्षक अन्तर्गत रु. ८२५४५६०४।०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । पालिकाले सार्वजनिक खरिद नियमावली बनाए पनि नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

५.२ **खरिद कारवाही अभिलेख** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेकोले लेखापरीक्षणले माग गरेको कतिपय खरिद सम्बन्धी विवरणहरु प्राप्त हुन सकेन । नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ ।

६ **अनुदानको मापदण्ड-** पालिकाले अनुदान वितरणको मापदण्ड वनाई वितरीत अनुदानको उपयोग, उपलब्धिको लेखाजोखा गर्न अनुगमन गर्नु पर्दछ । पालिकाले अनुदान वितरण सम्बन्धी मापदण्ड बनाएको देखिएन । त्यस्तै वितरित अनुदानको उपयोग सम्बन्धमा प्राप्त उपलव्धीको लेखाजोखा गर्न यथार्थपरक अनुगमन गरी सो को प्रतिवेदन तयार गरेको देखिएन । अनुदान वितरणको मापदण्ड वनाई यथार्थ परक अनुगमन गरिनु पर्दछ ।

७ **जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४, ९५,९६ र ९९ मा जिन्सी व्यवस्थापन सम्बन्धी व्यवस्था छ ।उक्त व्यवस्था अनुसार कार्यालयले जिन्सी प्रतिवेदनमा उल्लेख भएका सामान मर्मत गर्नुपर्ने भए ३ महिना भित्र र लिलाम गर्नुपर्ने ६ महिना भए भित्र लिलाम गरी सक्नु पर्दछ।महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो अद्यावधिक गरेको पाइएन ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको पाईएन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

## ८ आन्तरिक नियन्त्रण प्रणाली

पालिकाको आन्तरीक नियन्ण प्रणाली सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्

८.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

८.२ **आन्तरिक लेखापरीक्षण** – आन्तरिक लेखापरीक्षण (कार्यविधि) निर्देशिका, २०७९ को बुँदा ७ मा प्रत्येक त्रैमासिक अवधि व्यतीत भएको एक महिना भित्र अनिवार्यरुपमा आन्तरिक लेखापरीक्षण सम्पन्न गर्नुपर्ने र बुँदा १८ (५) मा आन्तरिक लेखापरीक्षण सम्पन्न भएको एक महिना भित्र प्रतिवेदन तयार गरी सम्बन्धित कार्यालयलाई उपलव्ध गराउनु पर्ने उल्लेख छ । पालिकामा आन्तरीक लेखापरीक्षक पदपूर्ति भए पनि त्रैमासिक लेखापरीक्षण गरी प्रतिवेदन नदिई वर्षको एकै पटक लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाईयो । निर्देशिका बमोजिम लेखापरीक्षण गर्ने र प्रतिवेदन जारी गरीनु पर्दछ ।

८.३ नेपालको सरकारी फारमहरुमा बेरुजु लगतका अभिलेख राख्नको लागि मलेप फारामको व्यवस्था गरिएको छ । पालिकाकले बेरुजु संग सम्बन्धित मलेप फारमहरु म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख राखेको देखिएन । अद्यावधिक अभिलेख राखिनु पर्दछ ।

८.४ **कानूनको कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा अनुसार पालिकाले गर्नुपर्ने उल्लेख भएका कार्यहरु गरिएको हुनुपर्नेमा दफा २४(४) अनुसारका देहायका कार्यहरु भएको देखिएन । अत उक्त ऐनद्वारा गर्नुपर्ने कार्यहरु प्रभावकारी रुपमा गरिनु पर्ने देखिन्छ ।

• सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन,भौतिक पुर्वाधारको संरक्षण र सुरक्षा नभएको
• अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण नभएको
• स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड,सेवा शर्त,योजना,कार्यान्वियन र नियमन नभएको,
• आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन नभएको,
• मातृभाषा शिक्षा दिने विद्यालयको अनुमति अनुगमन, तथा नियमन नभएको,
• सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्ति अभिलेख, संरक्षण र व्यवस्थापन नभएको,
• स्थानीय पुस्तकालय र वाचनालयको संचालन तथा व्यवस्थापन नभएको,
• स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना निर्माण, कार्यान्वियन, अनुगमन र नियमन नभएको,
• स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन नभएको,
• जेष्ठ नागरिक, क्लब, दिवा सेवा केन्द्र, भेटघाट स्थल, अश्रय केन्द्रको संचालन तथा व्यवस्थापन नभएको,
• खानेपानी महशुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन नगरेको,
• एक मेगावाटसम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीयस्तरको नीति, कानुन, मापदण्ड, योजना तर्जुमा नगरेको,
• स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा नगरेको,
• स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, संचालन, अनुगमन र नियमन नभएको,

• स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि र प्रवर्द्धन नगरेको,

• खानेपानी, साना जलविद्युत आयोजना तथा वैकल्पिक उर्जा सम्बन्धी अन्य कार्य नभएको,

• जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तयार नगरेको,

• सामुदायिक भुसंरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम नभएको,

• खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क संकलन नभएको,

• बहुमुल्य धातु, पत्थर तथा खनिज पदार्थको संरक्षणा र सम्वर्द्धनमा सहयोग नगरेको

• आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन नभएको,

• खानेपानी महशुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन नभएको,

• वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी २६ वटा काम कर्तव्य रहेकोमा कुनै पनि कार्यान्वियन नभएको,

• व्यक्तिगत घट्नाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति कानून ,मापदण्ड, योजना तर्जुमा नभएको,

• प्राकृतिक स्रोतबाट हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा नभएको,

• यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा नभएको,

• संघीय तथा प्रदेश कानूनको अधिनमा रही स्थानीयस्तरको भु उपयोग नीति, योजना कार्यक्रम तर्जुमा र कार्यान्वियन नभएको,

• संघीय तथा प्रदेशको मापदण्डको अधिनमा रही व्यवस्थित वस्ती विकासमा कार्यक्रमको तर्जुमा र कार्यान्वियन, एकीकृत वस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा र विकास व्यवस्थापन नगरेको,

• स्थानीयस्तरमा अव्यवस्थित बसोवास व्यवस्थापन नभएको,

• दफा२४ (४) पालिकाले आवधिक, वार्षिक, रणनीतिगत योजना बनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची तयार नगरेको,

• दफा८३ (७) पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा कुनै कार्य सम्पादन गर्न विशेषज्ञ सेवा आवश्यक पर्ने भई सेवा करारबाट कार्य सम्पादन गर्दा उपयुक्त र प्रभावकारी हुने देखेमा सेवा करारबाट त्यस्तो कार्य गर्न सक्ने उल्लेख गरेकोमा कार्यान्वियन नभएको

स्थानीय सरकार सञ्चालन ऐनद्वारा निर्देशित कार्य प्रभावकारी रुपमा गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

८.५ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु निम्नानुसार छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन,

• गाउँपालिकाले २०८०।८१ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,

• गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन,

• राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन,

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा गाउँपालिकाले आफ्नो अधीकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन,

• गाउँपालिकाले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन,

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने गरेको देखिएन,

• गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न सामुदायिक विद्यालयलहरुलाई वितरण गरेको पाईयो,

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी गाउँपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन,

• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको पाइएन । साथै भुक्तानी मा ETDS समेत गरेको पाइएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• गाउँपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाए पनि सोको पालना गरेको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

• गाउँपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन,

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन,

• वातावरणको संरक्षण एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन। शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• तोकिए वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन,

• अनुदान वितरण कार्यक्रम स्थानिय तह र प्रदेश तहवाट समेत वितरण हुने तथा संघ, प्रदेश र स्थानिय तह विच समन्वयको संयन्त्र नभएकोले दोहोरो अनुदानमा नियन्त्रण भएको पाईएन,

• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस गाउँपालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख,मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ।पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन,

तसर्थ गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

८.६

भ्रमण तथा भ्रमण खर्चको अभिलेख र आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरिएको छ । पालिकाले भ्रमण सम्बन्धी अभिलेखहरु म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख नराखेको, म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि अद्यावधिक भ्रमण अभिलेख नराखेको, म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन पेश गर्ने नगरिकएकोले भ्रमण खर्च सम्बन्धी आन्तरिक नियन्त्रण पद्धति कमजोर रहेको पाईयो । भ्रमण सम्बन्धी क्रियाकलापलाई व्यवस्थित गर्न तोकिएको फरामहरु राखिनु पर्दछ ।

९ **सहकारी नियमनः** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको एकीकृत सूचना व्यवस्थापन प्रणाली विवरणअनुसार पालिकाभित्र २० सहकारी संस्था एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा समावेश भएको देखिन्छ ।तर पालिकाले आफ्नो क्षेत्रभित्र रहेका सहकारीहरुको एकिकृत तथ्याँक संकलन गरेको छैन भने त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१० **पेश्की**

पालिकाको पेश्की सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छन्

१०.१ **पेश्की बाँकी**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु. १८०००००। बाँकी रहेको देखिन्छ । म्याद नाघेको निम्नानुसारको पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु.

| पेश्की लिएको मिति | गो. भौ. न. | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | पदाधिकारी/ कर्मचारी | प्रयोजन | म्याद नाघेको | म्याद ननाघेको | जम्मा बाँकी पेश्की |
|---|---|---|---|---|---|---|---|
| ११/०२/२०८० | १८६ | भरत बहादुर रोकाया | नायव सुव्वा | सवारी साधन नविकरण | १३०००० | ० | १३०००० |
| ०३/२४/२०८१ | ६०९ | प्रकाश बहादुर खड्का | जेसीभी अपरेटर | विपद् सम्बन्धी कार्यको लागि | २२०००० | ० | २२०००० |
| ११/०३/२०८० | २१ | काले नगार्जि दमाई | नागरीक | सुरक्षित नागरीक आवास निर्माण | २०००० | ० | २०००० |
| ११/०३/२०८० | २१ | धर्म राज जैशी | नागरीक | सुरक्षित नागरीक आवास निर्माण | २०००० | ० | २०००० |
| ११/०३/२०८० | २१ | भक्त नगार्जि दमाई | नागरीक | सुरक्षित नागरीक आवास निर्माण | २०००० | ० | २०००० |
| ११/०३/२०८० | २३ | राजेश दमाई | नागरीक | सुरक्षित नागरीक आवास निर्माण | २०००० | ० | २०००० |
| ११/०३/२०८० | २३ | राम गिरि बादि | नागरीक | सुरक्षित नागरीक आवास निर्माण | २०००० | ० | २०००० |
| ११/०३/२०८० | २४ | डिला बादि | नागरीक | सुरक्षित नागरीक आवास निर्माण | २०००० | ० | २०००० |
| ११/०३/२०८० | २५ | जय ओखेडा | नागरीक | सुरक्षित नागरीक आवास निर्माण | २०००० | ० | २०००० |
| ११/०३/२०८० | २५ | रमेश ओखेडा | नागरीक | सुरक्षित नागरीक आवास निर्माण | २०००० | ० | २०००० |
| ११/०६/२०८० | २६ | गेणु देवी ओखेडा | नागरीक | सुरक्षित नागरीक आवास निर्माण | २०००० | ० | २०००० |
| ११/०६/२०८० | २६ | चन्द्र बहादुर ओखेडा | नागरीक | सुरक्षित नागरीक आवास निर्माण | २०००० | ० | २०००० |
| ११/१८/२०८० | ३२ | गणेश बहादुर बोहरा | नागरीक | सुरक्षित नागरीक आवास निर्माण | २०००० | ० | २०००० |
| ११/१८/२०८० | ३२ | देव सुनार | नागरीक | सुरक्षित नागरीक आवास निर्माण | २०००० | ० | २०००० |
| ११/१८/२०८० | ३२ | धना देवि बोहरा | नागरीक | सुरक्षित नागरीक आवास निर्माण | २०००० | ० | २०००० |
| १२/१६/२०८० | ४१ | श्याम बहादुर नेपालि | नागरीक | सुरक्षित नागरीक आवास निर्माण | २०००० | ० | २०००० |
| १२/१६/२०८० | ४१ | हिरा देवि दमाई | नागरीक | भुकम्पबाट प्रभावित अस्थायी टहरा निर्माण | २०००० | ० | २०००० |
| १०/२९/२०८० | ३१ | ईन्द्रा देवी खत्रि | नागरीक | भुकम्पबाट प्रभावित अस्थायी | २५००० | ० | २५००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | टहरा निर्माण | | | |
| १०/२९/२०८० | ३१ | बिष्ना देवि सिहं | नागरीक | भुकम्पबाट प्रभावित अस्थायी टहरा निर्माण | २५००० | ० | २५००० |
| ११/०४/२०८० | ३८ | विष्णु जैशी | नागरीक | भुकम्पबाट प्रभावित अस्थायी टहरा निर्माण | २५००० | ० | २५००० |
| ११/०४/२०८० | ३९ | अमृता जोशी | नागरीक | भुकम्पबाट प्रभावित अस्थायी टहरा निर्माण | २५००० | ० | २५००० |
| ११/०४/२०८० | ३९ | किस्ना देवी जैशी | नागरीक | भुकम्पबाट प्रभावित अस्थायी टहरा निर्माण | २५००० | ० | २५००० |
| ११/१२/२०८० | ४७ | जौकला देवि सार्कि | नागरीक | भुकम्पबाट प्रभावित अस्थायी टहरा निर्माण | २५००० | ० | २५००० |
| ११/१२/२०८० | ४९ | अम्मर वि क | नागरीक | भुकम्पबाट प्रभावित अस्थायी टहरा निर्माण | २५००० | ० | २५००० |
| ११/१२/२०८० | ४९ | कमला देवि सार्कि | नागरीक | भुकम्पबाट प्रभावित अस्थायी टहरा निर्माण | २५००० | ० | २५००० |
| ११/१२/२०८० | ४९ | गणेश बहादुर रोकाया | नागरीक | भुकम्पबाट प्रभावित अस्थायी टहरा निर्माण | २५००० | ० | २५००० |
| ११/१२/२०८० | ४९ | तारा सार्कि | नागरीक | भुकम्पबाट प्रभावित अस्थायी टहरा निर्माण | २५००० | ० | २५००० |
| ११/१२/२०८० | ५१ | सन्तोला ओड मिजार | नागरीक | भुकम्पबाट प्रभावित अस्थायी टहरा निर्माण | २५००० | ० | २५००० |
| ११/१२/२०८० | ५२ | गणेश बहादुर खत्रि | नागरीक | भुकम्पबाट प्रभावित अस्थायी टहरा निर्माण | २५००० | ० | २५००० |
| ११/१४/२०८० | ५८ | मधना देवि ओझा | नागरीक | भुकम्पबाट प्रभावित अस्थायी टहरा निर्माण | २५००० | ० | २५००० |
| ११/१४/२०८० | ६० | ईन्द्रकला देवि उपाध्याय | नागरीक | भुकम्पबाट प्रभावित अस्थायी टहरा निर्माण | २५००० | ० | २५००० |
| ११/१५/२०८० | ६१ | मनषा देवि पाध्या | नागरीक | भुकम्पबाट प्रभावित अस्थायी टहरा निर्माण | २५००० | ० | २५००० |
| ११/१५/२०८० | ६१ | लक्ष्मि देवि पाध्या | नागरीक | भुकम्पबाट प्रभावित अस्थायी टहरा निर्माण | २५००० | ० | २५००० |
| ११/१५/२०८० | ६२ | जानकि देवि सिह | नागरीक | भुकम्पबाट प्रभावित अस्थायी टहरा निर्माण | २५००० | ० | २५००० |
| ११/१५/२०८० | ६२ | भिकु सार्कि | नागरीक | भुकम्पबाट प्रभावित अस्थायी टहरा निर्माण | २५००० | ० | २५००० |
| ११/१५/२०८० | ६२ | सिद्धु सार्कि | नागरीक | भुकम्पबाट प्रभावित अस्थायी टहरा निर्माण | २५००० | ० | २५००० |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११/१५/२०८० | ६३ | नवदुर्गा देवी पाध्या | नागरीक | भुकम्पबाट प्रभावित अस्थायी टहरा निर्माण | २५००० | ० | २५००० |
| ११/१६/२०८० | ७० | खगेन्द्र राज बजाल | नागरीक | भुकम्पबाट प्रभावित अस्थायी टहरा निर्माण | २५००० | ० | २५००० |
| १२/०२/२०८० | ७७ | गुमा देवि जोशि | नागरीक | भुकम्पबाट प्रभावित अस्थायी टहरा निर्माण | २५००० | ० | २५००० |
| १२/१०/२०८० | ७९ | सिता देवि दमाई | नागरीक | भुकम्पबाट प्रभावित अस्थायी टहरा निर्माण | २५००० | ० | २५००० |
| १२/१०/२०८० | ८० | जय बहादुर बोहरा | नागरीक | भुकम्पबाट प्रभावित अस्थायी टहरा निर्माण | २५००० | ० | २५००० |
| १२/१०/२०८० | ८० | देवा बोहरा | नागरीक | भुकम्पबाट प्रभावित अस्थायी टहरा निर्माण | २५००० | ० | २५००० |
| १२/१०/२०८० | ८० | रमा पार्कि | नागरीक | भुकम्पबाट प्रभावित अस्थायी टहरा निर्माण | २५००० | ० | २५००० |
| १२/१०/२०८० | ८० | शेर बहादुर बोहरा | नागरीक | भुकम्पबाट प्रभावित अस्थायी टहरा निर्माण | २५००० | ० | २५००० |
| १२/१५/२०८० | ८२ | अमिता भण्डारि | नागरीक | भुकम्पबाट प्रभावित अस्थायी टहरा निर्माण | २५००० | ० | २५००० |
| १२/१५/२०८० | ८३ | कमल कुमार बोहरा | नागरीक | भुकम्पबाट प्रभावित अस्थायी टहरा निर्माण | २५००० | ० | २५००० |
| १२/१५/२०८० | ८३ | बासु देव जोशी | नागरीक | भुकम्पबाट प्रभावित अस्थायी टहरा निर्माण | २५००० | ० | २५००० |
| १२/१५/२०८० | ८५ | नन्दा देवि पाध्याय | नागरीक | भुकम्पबाट प्रभावित अस्थायी टहरा निर्माण | २५००० | ० | २५००० |
| १२/१९/२०८० | ८८ | उजले नेपालि | नागरीक | भुकम्पबाट प्रभावित अस्थायी टहरा निर्माण | २५००० | ० | २५००० |
| १२/१९/२०८० | ८८ | केशु देवि बोहरा | नागरीक | भुकम्पबाट प्रभावित अस्थायी टहरा निर्माण | २५००० | ० | २५००० |
| ०२/२७/२०८१ | १०० | कल बहादुर खड्का | नागरीक | भुकम्पबाट प्रभावित अस्थायी टहरा निर्माण | २५००० | ० | २५००० |
| ०२/२७/२०८१ | १०० | कलक बहादुर खाति | नागरीक | भुकम्पबाट प्रभावित अस्थायी टहरा निर्माण | २५००० | ० | २५००० |
| ०२/२७/२०८१ | १०० | देवेन्द्र बहादुर सायर | नागरीक | भुकम्पबाट प्रभावित अस्थायी टहरा निर्माण | २५००० | ० | २५००० |
| ०२/२७/२०८१ | १०० | सन्तोकि कामि | नागरीक | भुकम्पबाट प्रभावित अस्थायी टहरा निर्माण | २५००० | ० | २५००० |
| २०८१/०२/२९ | १०२ | कृष्णा देवि जैशी | नागरीक | भुकम्पबाट प्रभावित अस्थायी टहरा निर्माण | २५००० | ० | २५००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ०३/२४/२०८१ | ६१२ | तेस्रो आँखा राष्ट्रिय साप्ताहिक | संस्था | सार्वजनिक सुनुवाई | २००००० | ० | २००००० |
| | | जम्मा | | | १८००००० | ० | १८००००० |

| | |
|---|---|
| पेश्की | १८,००,००० |

१०.२ **पेश्कीको एकिकृत विवरण** - कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले गत विगतका पेश्कीको समेत एकिकृत हिसाव तयार गरेको छैन । पेश्कीको एकिकृत लागत तयार गर्नु पर्दछ ।

११ **सेवा प्रवाहको स्थितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम,कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने अनुसार यस वर्ष पालिकाबाट निम्नानुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ ।

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा पास -अभिलेखिकरण | १ |
| **पञ्जिकरणतर्फ** | |
| जन्म दर्ता | ८०५ |
| मृत्यु दर्ता | १५३ |
| बसाई सराई दर्ता | ४९ |
| विवाह दर्ता | १६७ |
| सम्बन्ध विच्छेद दर्ता | २ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | |
| ग्राभेल सडक निर्माण | ७ किमि |
| ग्राभेल सडक मर्मत | १५ किमि |

पालिकाले आवश्यकता अनुसार नियम,कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने अनुसार प्रभावकारी सेवा प्रवाहतर्फ ध्यान दिनुपर्दछ ।

१२ **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | ८२५४३ | २६६६ | ११४९८ | १८४५५ | ४९९२४ | ३०३४९ |
| प्रतिशत | | ३.२३ | १३.९२ | २२.३६ | ६०.४९ | ३६.७७ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. ८२५४३ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. २६६६ (३.२३प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ११४९८ हजार (१३.९२प्रतिशत) र तेस्रो त्रैमासिकमा रु. १८४५५ हजार (२२.३६प्रतिशत) र चौथो त्रैमासिकमा रु ४९९२४ हजार (६०.४९प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ४७३९७ हजार (३७.३९प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१३ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३६५९० | ३०७०४ | ७.९० |
| २ | पूर्वाधार विकास | ४७८१९ | ४०८१६ | १०.५१ |
| ३ | सामाजिक विकास | २५६०६४ | २३८१७० | ६१.३४ |
| ४ | बातावरण तथा विकास | ० | ० | ० |
| ५ | संस्थागत विकास सुशासन तथा सेवा प्रवाह | ११८१३ | ८४८१ | २.१९ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ८७०२८ | ७०१११ | १८.०६ |
| **जम्मा** | | ४३९३१४ | ३८८२८२ | १०० |

उपर्युक्तविवरणअनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सामाजिक विकासमा ६१.३४ तथा संस्थागत सुशासन तथा सेवा प्रवाहमा २.१९ प्रतिशत खर्च भएको छ भने वातावरण विकासमा बजेट विनियोजन गरी खर्च गरेको छैन। पालिकाले आफ्नो आवधिक योजना तर्जुमा गरी सोही अनुसार क्षेत्रगत खर्च व्यवस्थापन हुनुपर्दछ।

१४ **लक्ष्य प्रगति** : कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गर्न प्रमुख प्रशासकीय अधिकृत जिम्मेवार हुनुपर्दछ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५ प्रतिशत भन्दा बढी प्रगति |
| कार्यक्रम संख्या | २१८ | १७ | ० | ४ | १९७ |

पेश भएको विवरण अनुसार सभाले स्वीकृत गरेको योजनाहरु मध्ये १७ योजना कार्यान्वयननै नभएको ५ योजनाको प्रगति ५० प्रतिशत सम्मा रहेको र १९७ योजनाको ७५ प्रतिशत भन्दा बढी प्रगति भएको देखियो। स्वीकृत योजना सवै कार्यान्वियन नहुनुको कारण

लेखपरीक्षणमा पेश भएन। स्वीकृत योजना कार्यान्वयन गर्न कार्ययोजना तथा कार्यतालिका वनाई योजना अनुरुप कार्यान्वियन गरिनु पर्दछ।

१५ **खर्च बिश्लेषणः** पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु ३०९१५४८। राजस्व बाँडफाँट र अनुदानबाट रु.३९९२६०८६३।00 समेत रु.४०२३५२४११।00 आम्दानी भएकोमा चालु तर्फ रु.३०५७३९००३।00 र पूँजिगत तर्फ रु.८२५४३४८०।00 समेत रु.३८८२८२४८३।00 खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.७९ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु.९५८०५००।00 खर्च भएको छ जुन आन्तरिक आयको ३२.२६ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ७६.५७ प्रतिशत चालु र २०.५१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

१६ **आर्थिक सहायता** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर गाउँपालिकाले ५२ जनालाई यसवर्ष रु. ९८५०००। आर्थिक सहायता वितरण गरेको जुन आन्तरिक आय रु ३०९१५४८। को ३१.८६ प्रतिशत रहेको छ। पालिकाले आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि नबनाई कार्यपालकाको निर्णय अनुसार खर्च लेखेकोमा न्यूनतम रु ५०००। देखि अधिकतम रु ४५०००। सम्म रहेको छ । पालिकाले आर्थिक सहायता वितरण सम्बन्धी वितरण सम्वन्धि कार्यविधि २०८० तयार गरे कार्यविधि तयार गर्दा स्थानीय सरकार ऐन तथा आन्तरीक आयलाई ध्यान दिएको देखिएन । यसमा सुधार हुनुपर्दछ ।

१७ **महोत्सव तथा अन्य खर्च** – स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । नमुना छनौट गरी परीक्षण गर्दा नगरपालिकाले २ उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु.७०००००।– खर्च जुन आन्तरीक आयको २२.६४ प्रतिशत रहेको छ । अनुत्पादक प्रकृतिका यस्ता खर्च न्यूनीकरण गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

१८ **खाना तथा खाजा खर्च** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(६) बमोजिम स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार पालिकाले यस वर्ष प्रयोजन नखुलाई विविध तथा गाउँपालिका चालु खर्च शिर्षकवाट रु २०५००००। खर्च गरेको देखिन्छ । जुन आन्तरीक आयको ६६.३१ प्रतिशत रहेको छ । आफ्नो आन्तरीक आयलाई ध्यान नदिई विषयगत समिति, कार्यपालिका वैठक, वडा समितिको खाना खाजा, गाउँ सभा बैठक, नियमित स्टाफ मिटिङ तथा अतिथि सत्कार शिर्षकमा खर्च लेख्ने कार्यमा नियन्त्रण गरिनुपर्दछ ।

१९ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर रु ६०१५०००। प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु ३०९१५४८ अर्थात अनुमान भन्दा ४८.६ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

२० **राजश्व अभिलेख**

राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी नगदी रसिद ठेली सङ्ख्या ८३ र मालपोत ठेली ३९ प्रयोग गर्ने निर्णय कार्यपालिकाले गरेको पाइयो। सो मध्ये देहायका ठेली प्राप्त हुन सकेन । यस विषयमा तहाँ कार्यालयबाट यकिन गरी असुली भएको राजस्व दाखिला गर्नुपर्दछ ।

| वडा नं. | रसिद नं. |
|---|---|
| ४ | ५९५१-६००० नगदी , ९५१-१००० मालपोत |
| एम्बुलेन्स | ९५१-१००० |

कार्यालयको नगदी रसिद नं. ५४०१-५४५० को पाना नं. ५४४२ नभेटिएको र मालपोत रसिद नं. २५१-३०० को सुरु पाना नभेटिएकोले राजश्व रकम एकिन गर्न नसकिएकोले तहाँ कार्यालयबाटै एकिन गर्नुपर्दछ । कार्यालयबाट सवै वडाहरुमा स्वचालित प्रणाली जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

२१ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा हालसम्म ८ वटा ऐन, ५ वटा नियमावली, २२ कार्यविधि लगायत ४५ वटा कानुन निर्माण गरेपनि पूर्ण कार्यान्वियनमा ल्याएको छैन । जारी गरेका कानूनहरु पूर्ण कार्यान्वयनमा ल्याउनु पर्दछ ।

२२ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यो वर्ष दर्ता भएका २ मध्ये २ वटा फर्स्यौट भएको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२३ **राजस्व रकम भिडान नभएको**

पालिकाको सुत्र प्रणाली र राजश्व व्यवस्थापन प्रणालीको आम्दानीको हिसाव भिडान हुनुपर्दछ । प्राप्त विवरण अनुसार पालिकाको सुत्र प्रणाली अनुसार राजस्व आम्दानी रु ३०९१५४८ र राजश्व व्यवस्थापन प्राणाली अनुसार रु ३१२०९०८ भई सुत्र प्राणली र राजश्व व्यवस्थापन प्रणाली विच रु २९३६० फरक परेको छ । फरक परेको रकम सम्बन्धमा पालिका स्वयंले यकिन गरी हिसाव मिलान गर्नुपर्दछ ।

२४ **कर्मचारी कल्याण कोष** - सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा कर्मचारीको तलव भुक्तानी गर्दा १० प्रतिशत कट्टी गरी कोषमा दाखिला गरेको छैन्। पालिकाले गतवर्षको मौज्दात रु.१०१५६८ र यस वर्ष पालिकाले राजश्व वाँडफाँटबाट गोभौ न. ६०८-२०८१।३।२४ बाट रु २००००,०००।- ट्रान्सफर गरी कोष खातामा रु २१०१५६८। मौज्दात राखेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन। यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २१,०१,५६८ |

२५ **शिर्षक फरक पारी गरेको खर्च:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३८ को उपनियम २(क) मा स्विकृत वार्षिक वजेट तथा कार्यक्रम र सम्वन्धित खर्च शीर्षकमा परेको भए मात्र खर्च गर्न पाउने व्यवस्था छ । पालिकाले नियमावली विपरित सभावाट स्विकृति शिर्षक भन्दा फरक शिर्षक पारि निम्नवमोजिमका कृयाकलाप गरेकोले उक्त खर्च रकमहरु नियमित हुनुपर्दछ।

| गो भौ नं / मिति | खर्च लेख्नुपर्ने शिर्षक | खर्च लेखेको शिर्षक | रकम | खरिद विवरण |
|---|---|---|---|---|
| २५५/२०८०/१२/०९ | मेशिनरि तथा औजार | मसलन्द तथा कार्यालय सामाग्री | १५००००।० | प्रोजेक्टर खरिद |
| ३२४/२०८१/०१/०९ | मेशिनरि तथा औजार | मसलन्द तथा कार्यालय सामाग्री | ३९०००।० | ल्यापटप खरिद |
| ५१७/२०८१/०३/२० | मेशिनरि तथा औजार | मसलन्द तथा कार्यालय सामाग्री | ३९०००।० | ल्यापटप खरिद |
| ५५८/२०८१/३/२२ | मेशिनरि तथा औजार | मसलन्द तथा कार्यालय सामाग्री | ८४०१९।० | ल्यापटप खरिद |
| २२९/२०८०/११/२९ | मेशिनरि तथा औजार | मसलन्द तथा कार्यालय सामाग्री | ९९८००।० | ल्यापटप खरिद |
| जम्मा | | | ४११८१९ | |

| | |
|---|---|
| अनियमित भएको | ४,११,८१९ |

२६ **वाह्य व्यक्तिलाई अनुगमन भत्ता:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४३ मा कुनै अधिकार प्राप्त अधिकारिले आफुलाई वा कुनै खास व्यक्ति वा वर्गलाई फाईदा पुग्ने गरी सरकारी धन खर्च गर्न नहुने व्यवस्था छ । पालिकाले कार्यालयसंग असम्बन्धित निम्नानुसारका व्यक्तिलाई अनुगमन भत्ता दिएको कार्यविधि अनुरुप नदेखिएकोले सम्वन्धित व्यक्तिलाई दिएको अनुगमन भत्ता असूल गर्नुपर्ने रु..

| गौ भौ नं/मिति | नाम | रकम |
|---|---|---|
| ४३५/२०८१/०३/०२ | दोरेन्द्र कुमार खड्का ( पत्रकार) | ७८००।० |
| ५०४/२०८१/३/१९ | पदम वहादुर खड्का ( पत्रकार) | ७०००।० |
| ५०४/२०८१/३/१९ | पदम वहादुर खड्का ( पत्रकार) | ८०००।० |
| १३२/२०८०/१०/५ | ढेप वहादुर विष्ट | ८४००।० |
| १३२/२०८०/१०/५ | विर्ख वोहोरा(पत्रकार) | ८४००।० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३९,६०० |

२७ **अनुदान अनुगमन भत्ता:**

सुदुरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ४३ मा कुनै अधिकार प्राप्त अधिकारीले आफूलाई वा कुनै खास व्यक्ति वा वर्गलाई फाईदा पुग्ने गरी सरकारी धन खर्च गर्न नहुने व्यवस्था छ । पालिकाले प्रदेश सरकार हस्तान्तरीत कार्यक्रमको साना सिंचाई योजना तथा वाख्रा गोठ सुधार कार्यक्रम अन्तर्गत निम्नानुसारका पदाधिकारी तथा कर्मचारीहरु फिल्डमा खटीई अनुगमन गरेको भनि १ पन्ने अध्ययन प्रतिवेदनको आधारमा कर कटाई भौ नं १०८- २०८१।३।२२ बाट रु ४७६००। र २२-२०८१।०३।२२ वाट रु ४२५००।० खर्च लेखेको छ । अध्ययन प्रतिवेदन विशेषज्ञबाट गरिने र अध्ययन प्रतिवेदनवाट योजनाको बर्तमान अवस्था, कृषियोग्य क्षेत्र र क्षेत्रफल, अपेक्षित लाभ लागत विश्लेषण लगायतको प्रतिवेदन तयार गरिनु पर्नेमा सो विपिरत अध्ययन गरेको भनी भत्ता खर्च लेखेको देखिएकोले सम्बन्धितवाट असूल गर्नुपर्ने देखिएको रु.

| गौ भौ नं/ मिति | नाम | पद | दिन | दर | कर कट्टि पछिको भुक्तानी |
|---|---|---|---|---|---|
| २२।२०८१/०३/२२<br>१०८।२०८१/०३/२२ | राम ब खाती | गा.पा उपाध्यक्ष | १२ | १००० | १०२००।० |
| २२।२०८१/०३/२२<br>१०८।२०८१/०३/२२ | टिकाराम जोसी | वडा अध्यक्ष | १२ | १००० | १०२००।० |
| २२।२०८१/०३/२२ | विनोद रावल | ना.प्रा.स | ५ | १००० | ४२५०।० |
| १०८।२०८१/०३/२२ | चन्द्र ब.रोकाया | ना.प्रा.स | ७ | १००० | ५९५०।० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,६०० |

२८ **सामाजिक परिक्षण :** (५७६-२०८१-३-२४):

प्रदेश अनुगमन मूल्याङ्कन दिग्दर्शन २०७५ को बुदा ३.४.३ मा कार्यालयले वर्ष भरी आफुले गरेको कामको मूल्याङ्कन गर्न कार्यालयसगँ प्रत्यक्ष सम्वन्ध नभएका विज्ञलाई परिक्षकको रुपमा सेवा करार गर्ने , परिक्षकलाई निकायको निति , नियम, वार्षिक कार्यक्रम प्रगती विवरण उपलव्ध गराउने साथै सहभागीहरुका विचारहरुको टिपोट गर्ने साथै त्यसलाई अन्तिम प्रतिवेदनमा समावेश गर्ने र त्यसलाई सार्वजनिक निकायले सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सामाजिक परिक्षण गर्न मिडिया विकास समुहलाई ३१००००।० भुक्तानी गरेकोमा उल्लेखित प्रक्रिया तथा प्रतिवेदन यथार्थपरक दिएको पाइएन। कार्यक्रमलाई पुष्टि गर्ने प्रमाण कागजात वेगर भुक्तानी दिएको रकम नियमित हुनुपर्दछ।

| | |
|---|---|
| अनियमित भएको | ३,१०,००० |

२९ **अन्य निकायको खर्च:**

कार्यालयले आफ्नो कार्यक्षेत्र भित्र स्विकृत कार्याक्रम र वजेट सिमा भित्र रही खर्च गर्नुपर्दछ । यसवर्ष पालिकाले समान अस्तित्व र छुट्टै वजेट विनियोजन हुने इलाका प्रहरि कार्यालयलाई पुजा खर्च तथा व्यवस्थापन खर्च वापत रु ३४८८५५ भुक्तानी गरेको छ । पालिकाको नियन्त्रण क्षेत्र भित्र पनि नपर्ने र सम्वन्धित निकायवाट समेत वजेट विनियोजन हुने निकायको लागि वजेट विनियोजन रकमले पालिकालाई आर्थिक भार परेको छ । खर्च नियमसम्मत हुन नसकेको....

| भौ न।मिती | विवरण | भुक्तानि रकम |
|---|---|---|
| ११३।२०८०/०९/२८ | मसलन्द तथा कार्यालय सामाग्री | ११८८५५।० |
| ४७८।२०८१/०३/२४ | मसलन्द तथा कार्यालय सामाग्री | २०००००।० |
| २२।२०८०/०७/१२ | पुजा खर्च | ३००००।० |
| जम्मा | | ३४८८५५।० |

| | |
|---|---|
| अनियमित भएको | ३,४८,८५५ |

३० **कार्यक्रम अनुगमन:**

सार्वजनिक खर्चमा मितव्ययिता तथा प्रभावकारिता कायम गर्ने नीतिगत मार्गदर्शन,२०७५ ले खर्चमा किफायती तरिका सुझाएको छ । पालिकाले देहाय अनुसारको पदाधिकारी /कर्मचारीहरुलाई विभिन्न कार्यक्रम तथा तालिम अनुगमन गरेको उल्लेख गरी अनुगमन भत्ता भुक्तानी गरेको छ । आफ्नो पालिका भित्र अनुगमन गरी खर्च लेखेको उपयुक्त कानुनसम्मत नदेखिएकाले अनुगमन भत्ता नियमानुसार पाउने आधार भए पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु ...२३५००।०

| गौ भो / मिति | नाम | भत्ता दर | कर कटाइ भुक्तानी | कैफियत |
|---|---|---|---|---|
| १३/२०८०/८/२४ | राम व.खाती | १५०० | २२५०।० | पाठ्यक्रम प्रवोधिकरण तालिममा अनुगमन |
| १३/२०८०/८/२४ | हर्क वहादुर रोकाया | १५०० | २२५०।० | |
| १३/२०८०/८/२४ | मान वहादुर चौहान | १५०० | २२५०।० | |
| ८/२०८०/८/११ | राम व.खाती | १५०० | २२५०।० | शिक्षकहरुलाई प्राथमिक परामर्शमा अनुगमन |
| ८/२०८०/८/११ | हर्क वहादुर रोकाया | १५०० | २२५०।० | |
| ८/२०८०/८/११ | रायभान ओली | १५०० | २२५०।० | |
| १५७।२०८१/३/२४ | अनिल कुमार विष्ट( वडा अध्यक्ष) | | १००००।० | योजना माग गर्न |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,५०० |

३१ **सरकारी नर्मस भन्दा वढी भुक्तानी:** (२५९-२०८१-३-२३):

कृषि तथा पशुपक्षी डायरी २०८० को वुदा नं १४.२ अनुसार फलफुल विरुवाको मिती २०७६/६/६ वाट लागुहुने गरी फलफुलहरुको सरकारी मूल्य सूचि तोकेको छ । पालिकाले सुन्तला फलफुल पकेट विकास कार्यक्रम अन्तर्गत पश्चिम एग्रो फरेष्ट्री प्रा.ली ( पान नं ६०९८२१९२१) वाट विभिन्न जातका विरुवा खरिद गरेकोमा यथार्थपरक लागत अनुमान तयार नगरी खरिद विलको आधारमा भुक्तानी दिदा वढि दररेट देखिएकोले वढि व्ययभार परेको रकम नियमित हुनुपर्दछ।

| विरुवाको नाम | सरकारी दर | नर्सरी दर | फरक | परीमाण | वढि भुक्तानी |
|---|---|---|---|---|---|
| सुन्तला कलमी | ५० | १३० | ८० | ७०० | ५६०००।० |
| कागति कलमी | ५० | १३० | ८० | १३०० | १०४०००।० |
| मौसमी कलमी | ५० | १३० | ८० | ६०० | ४८०००।० |
| अमिला कलमि | ५० | १३० | ८० | ७०० | ५६०००।० |
| जम्मा | | | | | २६४०००।० |

| | |
|---|---|
| अनियमित भएको | २,६४,००० |

३२ **सामाजिक सुरक्षा वितरणमा भत्ता भुक्तानी:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१०) मा सरकारी रकम खर्च लेख्दा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण गर्न वैकंका कर्मचारीलाई भ्रमण खर्च उपलव्ध गराएकोले यसप्रकारको खर्च लेख्न पाउने आधार पेश गर्ने अन्यथा उक्त रकम सम्वन्धित व्यक्तिवाट असूल गर्नुपर्ने रु ......

| गौ भो / मिति | नाम | पद | दिन | भत्ता दर | कर कटाइ भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|
| २४६/२०८०/१२/०१ | निर्मला देउना | कुमारी वैकं | ८ | १२०० | ८१६०।० | सामाजिक सुरक्षा भत्ता घर घरमा वितरण गर्न गएको भनि लिएको भत्ता |
| २४६/२०८०/१२/०१ ३७८/२०८१/२/२८ | जनक विष्ट | कुमारी वैकं | १४ | १२०० | १४२००।० | |
| २४६/२०८०/१२/०१ ३७८/२०८१/२/२८ | रविन्द्र ढुङ्गाना | कुमारी वैकं प्रमुख | ९ | १२०० | ९१८०।० | |
| २४६/२०८०/१२/०१ | कुम्भ व.रोकाया | कुमारी वैकं | ७ | १००० | ५९५०।० | |
| २४६/२०८०/१२/०१ ३७८/२०८१/२/२८ | जनकराज जोशी | कुमारी वैकं | ८ | १००० | ६८००।० | |
| २४६/२०८०/१२/०१ | दीपक कुमार वोहोरा | कुमारी वैकं | ७ | १००० | ५९५०।० | |
| जम्मा | | | | | ५०२४०।० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,२४० |

३३ **स्थानीय तहका पदाधिकारी सुविधाः**

नेपालको संविधानको धारा २२७ मा गाँउसभा तथा नगरसभा सदस्यले पाउने सुविधाका सम्वन्धमा प्रदेश कानून वमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी विधेयक, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकावाट यस वर्ष पदाधिकारीको सुविधामा कुल रु.९५८०५००।00 खर्च लेखेको देखिन्छ।

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष ९ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य ३१ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | वैठक भत्ता | २४००० | २४००० | २१६००० | १४४००० | ७४४००० | ११५२००० |
| २ | यातायात खर्च | १२०००० | १०८००० | २१६००० | ७२००० | ३७२००० | ८८८००० |
| ३ | टेलिफोन,मोवाइल | ७२००० | ६०००० | ३७८००० | २१६००० | ७४०००० | १४६६००० |
| ४ | पुस्तक, पत्रीका,ईन्टरनेट | ६०००० | ५४००० | ४३२००० | २१६००० | ७४४००० | १५०६०० |
| ५ | अतिथि सत्कार | १२०००० | १०८००० | ७५६००० | | | ९८४००० |
| ६ | खानेपानी/विजुली/ सरसफाई | ४२००० | ३६००० | २१६००० | १४०००० | ३७२००० | ८०६००० |
| ७ | चाडपर्व खर्च | २५००० | २२५०० | १४४००० | ५४००० | २१७००० | ४६२५०० |
| ८ | समन्वय सहजीकरण भत्ता | १०८००० | ८४००० | ६४८००० | ३६०००० | १११६००० | २३१६००० |
| ९ | इन्धन | | | | | | |
| | जम्मा | ५७१००० | ४९६५०० | ३००६००० | १२०२००० | ४३०५००० | ९५८०५००।० |

३४ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ः

३४.१ स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ९ वडामा ६४ योजना सञ्चालन गरी यस वर्ष सुचिकृत बेरोजगार व्यक्तिहरु १४४७ मध्ये १०२ जनालाई औसत ८०.१८ दिनले ८१६२ दिन रोजगारी उपलव्ध गराई रु ५४९५५५६। श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

३४.२ प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानीय तहले कार्यक्रम संचालन गर्दा कार्यक्रमको योजना तर्जुमा, कार्यान्वियन, अनुगमन मुल्यांकन र प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका योजनामा लागत अनुमान तयार नगरेको तथा मूल्यांकन प्रतिवेदन वेगर डोर हाजिरीको आधारमा भुक्तानी दिएको निर्देशिका विपरित देखिएको रकम नियमित हुनुपर्दछ।

| गौ.भौ.नं. | योजनाको नाम | भुक्तानी रकम |
|---|---|---|
| २/८-२०८०।०९।०५ | थलारी खोला शाखा सडक देखि भौभेरा सडक मर्मत | १३६०००। |
| ३/३८-२०८०।१२।१२ | चाउडोधार देखि विगाडा सडक मर्मत | १३१२४०। |
| ४-२०८०।०८।१२ | झरना देखि हाडोखोला सडक सरसफाई | १३६०००। |
| ११/९१-२०८१।०३।०७ | खोली बजार सरसफाई | ६८०००। |
| १२-२०८०।०९।१९ | वडा नं. ६ सडक सरसफाई | १३६०००। |
| २०-२०८०।१०।२३ | दिपायल चैनपुर सडक मर्मत | १३६०००। |
| ४०-२०८०।१२।१५ | मष्टा देवता मन्दिर निर्माण | ४९५००। |
| ५३-२०८०।०१।२५ | वडा नं. ८ मा सडक मर्मत | १३६०००। |
| | जम्मा | ९२८७४०। |

| अनियमित भएको | ९,२८,७४० |
|---|---|

३५ **स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम**

स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम सम्बन्धका देखिएका व्यहोरा निम्नानुसार छन् ः

३५.१ गौ.भौ.नं. २८/४७-२०८१।०३।०३ - मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को दफा ४ मा नेपाल सरकारबाट उपलब्ध गराईदै आएको ज्येष्ठ नागरिक भत्ता, एकल महिला भत्ता, दलित भत्ता, पिछडिएको भत्ता, अपांग भत्ता, लगायत नेपाल सरकारबाट साबिकमा पाई आएको सामाजिक सुरक्षा भत्ता, वा यस निर्देशिका बमोजिम उपलब्ध गराईने मध्ये कुनै एक किसिमको भत्ता/मासिक वृत्ति मात्र प्राप्त गर्न सक्ने व्यवस्था छ। कार्यालयले सो ऐन बमोजिम रकम प्राप्त गरिरहेका असाध्य बिरामी राजेन्द्र पाध्यायलाई अति अशक्त अपाङ्गता भत्ता बापत प्रदान गरेको दोहोरो भत्ता कार्यविधि अनुरुप नदेखिएको बढी व्ययभार परेको रकम नियमित हुनुपर्दछ।

| अनियमित भएको | ८,५१२ |
|---|---|

३५.२ सोही कार्यविधिको आधारमा मासिक ५०००। रकम पाउनुपर्ने व्यवस्था अनुसार कार्यालयले गौ.भौ.नं. १/३- २०८१।०३।२३ बाट १२ जनालाई सुविधा दिएकोमा निवेदन दर्ता गरेको अवधि अगावै देहायका ५ जनालाई सो सुविधाको रकम दिएको कार्यविधि अनुरुप नदेखिएकोले उक्त खर्च रकम नियमित हुनुपर्दछ।

| नाम | निवेदन मिति | पाउनुपर्ने | दिएको | बढी भुक्तानी |
|---|---|---|---|---|
| पिरु दमाइ | २०८१।०३।०९ | १५०००। | ६००००। | ४५०००। |
| शंकर जोशी | २०८१।०२।२७ | १००००। | ४००००। | ३००००। |
| राजेन्द्र पाध्याय | २०८१।१२।२३ | २००००। | ६००००। | ४००००। |
| कृस्ने जोशी | २०८१।०३।१२ | ५०००। | ३५०००। | ३००००। |
| सुरेस चनारा | २०८०।०९।२३ | ३००००। | ६००००। | ३००००। |
| जम्मा | | | | १७५०००। |

| | |
|---|---|
| अनियमित भएको | १,७५,००० |

३६ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले कुमारी बैङ्क लिमिटेड मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएकोमा लेखापरीक्षणको क्रममा सम्बन्धित बैङ्कमा सामाजिक सुरक्षा भत्ता वितरणको सूचना लिँदा बैङ्कलाई निकासा भएको रकममध्ये बाँकी रकम रु ४२०७८।– लेखापरीक्षणले औल्याएपछि बैङ्कमा फिर्ता गरेको देखिन्छ। वितरण नभई बाँकी रहेको रकम समयमै सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ।

३७ **शैक्षिक तथ्यांकः**

गाउँपालिकाले शिक्षा क्षेत्रको सशर्त अनुदानको रकम खर्च गर्दा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रायलयबाट स्वीकृत स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका आ.ब.२०८०/८१ मा भएको व्यवस्था बमोजिम गर्नुपर्दछ ।गाउँपालिकाले विद्यालयलाई तलव भत्ता लगायतका पाठ्यपुस्तक,छात्रवृती,सिकाई सामाग्री लगायतका अनुदान उपलव्ध गराउँदा सम्बन्धित संस्थाले शैक्षिक तथ्यांक (EMIS), २०८० भरी प्रमाणित भएको यकिन गरेर मात्र उपलव्ध गराउनु पर्ने व्यवस्था छ। विद्यालयले पेश गरेको शैक्षिक तथ्यांक यथार्थपरक भए नभएको गाउँपालिकाले निरन्तर अनुगमन,निरीक्षण गरी देखिएका तथ्यलाई अभिलेखिकरण गरी प्रमाणित गर्ने गरेको नदेखिएकोले उक्त तथ्यांकको आधारमा गाउँपालिकाले उपलव्ध गराएको अनुदान रकम यथार्थ छ भनी आश्वस्त हुन सकिएन । कार्यक्रम कार्यान्वयन पुस्तीकामा उल्लेखित ब्यवस्थालाई पूर्ण रुपमा पालना गरी अनुदान निकाशालाई ब्यवस्थीत गर्नुपर्दछ।

३८ **निशुल्क पाठ्यपुस्तकः**

गाउँपालिकाले ४२ विद्यालयलाई भौ.नं.११३-२०८०।१२।१३ वाट रु.३१,३३,१३०।– र २२ विद्यालयलाई नपुग पाठ्यपुस्तक वापत थप रु.२,७९,१५२।- समेत रु. ३४,१२,२८२।-निकाशा खर्च लेखेको छ। यस सम्वन्धमा थप ब्यहोरा देहाय अनुसार छ।

३८.१ **पाठ्यपुस्तक निकाशाः** शिक्षा विकास तथा मानव विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.४.६.१ मा सार्वजनिक विद्यालयका कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरुका लागी प्रति विद्यार्थी लागतका आधारमा निशुल्क पाठ्यपुस्तक अनुदान उपलब्ध गराउदा शैक्षिक सूचना ब्यवस्थापन प्रणाली(IEMIS) मा प्रविष्ठ तथ्याङ्कलाई स्थानिय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतवाट प्रमाणित गरी आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्ने,यकिन भएका विद्यार्थीका

संख्याका लागी स्वीकृत दररेटका आधारमा हिसाव गरी पहिलो पटक विद्यार्थी संख्याको ७५ प्रतिशत विद्यार्थी संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा दोश्रो पटक अनुदान दिने,विद्यार्थीहरुले शैक्षीक सत्रको शुरुवातमा नै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गर्ने, विद्यार्थीहरुले पाठ्यपुस्तक वुझेको भर्पाई विद्यालयले स्थानिय तहमा पेश गर्ने लगायतका विषयहरु उल्लेख गरेको छ। पालिकाले IEMISमा प्रविष्ठ तथ्याङ्कलाई विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन गराएको लगायतका उल्लेखित सवै प्रमाण लेखापरीक्षणको क्रममा पेश भएन। गाउँपालिकाले IEMIS मा उल्लेखित शत प्रतिशत विद्यार्थीलाई शुरुमै रु.३१,३३,१३०।– र पुन थप रु. २,७९,१५२।-निकाशा दिएको पाईयो।कार्यक्रम कार्यविधिमा तोकिएको भन्दा वढि २५ प्रतिशत थप गरी शुरुमै शत् प्रतिशत निकाशा दिएको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ७,८३,२८२ |

३८.२ **वढि निकाशाः** पुस्तक खरिद वील र निकाशा रकमको नमुना छनौटको आधारमा परिक्षण गरिएका ५ विद्यालयमध्ये लक्ष्मी मा.वि.को पुस्तक खरिद वील पेश भएन भने देहायका ४ विद्यालयलाई पाठ्यपुस्तक खरिद वील भन्दा रु. १,४४,७६६।– वढि निकाशा गरेको पाईयो।निम्मानुसारका विद्यालयले पाठ्यपुस्तक खरिद वील भन्दा वढि निकाशा दिएको रकम असुल गर्नुका साथै अन्य विद्यालयको सम्वन्धमा गाउँपालिकावाटै यकिन गरी असुल फछ्र्यौट गर्नुपर्ने रु.

| क्र.सं. | विद्यालयको नाम | पेश खरिद वील रु. (पाठ्यक्रम विकासको मूल्य सूची अनुसार) | निकाशा रकम रु. | वढि निकाशा |
|---|---|---|---|---|
| १. | थलरा मा.वि.,थलरा | २८८५०६ | ३८४८८० | ९६३७४ |
| २. | शारदा मा.वि.,दंगाजी | ३७०३३२ | ४०३४८४ | ३३१५२ |
| ३. | शान्ती मा.वि.,पाराकाट्ने | २४०६९६ | २४५८२७ | ५१३१ |
| ४. | भवानी मा.वि. | २६७७५४ | २७७८६३ | १०१०९ |
| | जम्मा | ११६७२८८ | १३१२०५४ | १४४७६६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४४,७६६ |

३९ **छात्रवृत्तीः**

शिक्षा विकास तथा मानव विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नँ. ७.२.१.१ अनुसार IEMIS मा प्रविष्टी भएको सँख्यालाई सत्यापन गराई विद्यार्थी सँख्या यकिन गरेर मात्र छात्रवृत्री प्रदान गर्नुपर्नेमा सत्यापन गरेको प्रमाण लेखापरीक्षणमा पेश भएन। विभिन्न ४२ विद्यालयका विद्यार्थीहरुलाई भौ.नं.८१-२०८०।१०।१८ वाट रु. ८,९६,८००।-छात्रवृती अनुदान निकाशा गरेकोमा नमुना छनौटको आधारमा परिक्षण गर्दा ६ विद्यालयमध्ये देहायका ५ विद्यालयलाई IEMIS मा उल्लेखित भन्दा वढि २० विद्यार्थीलाई रु. ८,०००।- छात्रवृत्ती निकाशा दिएकोले वास्तविक निकाशा भएको छ भनी आश्वस्त हुन सकिएन। वढि निकाशा भएको रु. ८,०००।- असुल गर्नुका साथै अन्य विद्यालयको निकाशा सम्वन्धमा पालिका स्वयंले यकिन गर्नुपर्ने रु.

| विद्यालयको नाम | IEMIS अनुसार | | | निकाशा भएको | | | फरक संख्या | दर | वढि |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | दलित छात्र | जम्मा | छात्रा | दलित छात्र | जम्मा | | | |
| थलरा मा.वि. | ९४ | ५६ | १५० | १०१ | ५७ | १५८ | ८ | ४०० | ३२०० |
| शारदा मा.वि.,दंगाजी | १५२ | ४९ | २०१ | १५२ | ५० | २०२ | १ | ४०० | ४०० |
| शान्ती मा.वि.,पाराकाट्ने | ६३ | २७ | ९० | ६३ | २९ | ९२ | २ | ४०० | ८०० |
| भवानी मा.वि.,माडौकाट्ने | ६३ | २३ | ८६ | ६९ | २३ | ९२ | ६ | ४०० | २४०० |
| लक्ष्मी मा.वि.मोतीपुर | ७३ | १८ | ९१ | ७५ | १९ | ९४ | ३ | ४०० | १२०० |
| जम्मा | | | ६१८ | | | ६३८ | २० | ४०० | ८००० |

| असुल गर्नुपर्ने | ८,००० |
|---|---|

४० **सिकाई सामाग्रीः**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को वुदा नं. डिजिटल सिकाई सामाग्री ब्यवस्थापनका लागी तोकिएवमोजिम प्रति विद्यार्थी विद्यालय अनुदान दिने ब्यवस्था अनुरुप ४७ विद्यालयलाई भौ.नं.८१-२०८०।१०।१८ वाट रु.१२,८२,३५०।- सिकाई समाग्री(वुक कर्नर) वापतको रकम निकाशा दिएकोमा नमुना छनौटको आधारमा परीक्षण गरिएका देहायका ५ विद्यालयलाई IEMIS मा उल्लेख भए भन्दा ६६वढि विद्यार्थीलाई रु.१३,५५०।- छात्रवृत्ती निकाशा दिएको पाईयो। यसवाट वास्तविक रुपमा छात्रवृत्ती वापतको रकम निकाशा भएको छ भनी आश्वस्त हुन सकिएन। वढि निकाशा भएको रु. १३,५५०।- असुल गरी अन्य विद्यालयलाई दिएको निकाशा सम्वन्धमा पालिका स्वयंले यकिन गरी असुल फछ्यौंट गर्नुपर्ने रु.

| विद्यालयको नाम/कक्षा | IEMIS अनुसार | निकाशा भएको | फरक संख्या | दर | वढि |
|---|---|---|---|---|---|
| थलरा मा.वि.,थलरा | | | | | **३६५०** |
| वालकक्षा | ५ | ८ | ३ | ५०० | १५०० |
| कक्षा १ | १८ | १९ | १ | १०० | १०० |
| कक्षा १-५ | ९६ | १०३ | ७ | १५० | १०५० |
| कक्षा ६-१० | २५८ | २६३ | ५ | २०० | १००० |
| कक्षा ११-१२ | - | - | - | | |
| लक्ष्मी मा.वि. | | | | | **१५००** |
| वालकक्षा | १२ | १३ | १ | ५०० | ५०० |
| कक्षा १ | ११ | १५ | ४ | १०० | ४०० |
| कक्षा १-५ | ६५ | ६९ | ४ | १५० | ६०० |
| कक्षा ६-१० | १४६ | १४६ | ० | २०० | ० |
| कक्षा ११-१२ | ० | ० | ० | ० | ० |
| भवानी मा.वि | | | | | **८४००** |
| वालकक्षा | ५ | ११ | ६ | ५०० | ३००० |
| कक्षा १ | २ | ११ | ९ | १०० | ९०० |
| कक्षा १-५ | २३ | ४१ | १८ | १५० | २७०० |
| कक्षा ६-१० | २१३ | २१७ | ४ | २०० | ८०० |
| कक्षा ११-१२ | ९९ | १०३ | ४ | २५० | १००० |
| जम्मा | | | ६६ | | १३५५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,५५० |

४१ **पारिश्रमिकः**

शिक्षा विकास तथा मानव विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. १.१.४.१ मा आधारभुत तथा माध्यामिक तहमा सञ्चालन भएका विद्यालय सहयोगी कर्मचारी ,विद्यालय सहायक कर्मचारी र प्रारम्भीक वाल विकास शिक्षकको पारिश्रमिक वापत क्रमश मासिक रु.८०००।-,१३,५००।–र १०,०००।- अनुदान दिने र नेपाल सरकारले निर्धारण गरे वमोजिमको मासिक न्युनतम पारिश्रमिकमा उल्लेखित न्युनतम रकममा नपुग हुने रकम स्थानिय तहले ब्यवस्था गर्ने उल्लेख छ। निर्देशिकामा उल्लेख भए भन्दा भन्दा वढि पारिश्रमिक शशर्त अनुदान खर्च शिर्षकवाट लेख्न मिल्ने देखिदैन।तर गाउँपालिकाले संघीय शशर्त अनुदान शिर्षकको भौ.नं. १२७-२०८०।१२।२६ वाट तेश्रो त्रैमासिक निकाशा दिदा कार्यक्रम पुस्तीकामा तोकिएको भन्दा रु. ७०५,०००।-थप गरी कर्मचारी तथा वालविकास शिक्षकहरुलाई पारीश्रमिक निकाशा दिएको पाईयो।कार्यक्रम पुस्तिकामा भएको ब्यवस्था विपरित संघीय शशर्त अनुदानवाट निकाशा दिएकोले उक्त रकम संघीय संचित कोष फिर्ता गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,०५,००० |

४२ **नीजि श्रोत शिक्षकः**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को वुदा २.१(क)मा दरवन्दी मिलानवाट कायम भएको दरवन्दी, शिक्षक अनुदान कोटा(राहत)र प्राविधिक धार तर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकको शिक्षक कितावखानावाट तलवी प्रतिवेदन पारित गराई सोको आधारमा विद्यालयको माग फारम भिडान गरी अनुदान निकाशा गराउने व्यवस्था छ।पालिकाले निजी शिक्षक भर्ना/नियुक्ती गरी गाउँपालिका तर्फ वित्तिय समानिकरणवाट रु.४१,८६,०००।–निकाशा गरेको छ।विद्यालय शिक्षक दरवन्दी मिलान नगरी दरवन्दी नै कायम नभएका शिक्षकलाई तलवभत्ता निकाशा दिएको तथा कूल शिक्षक दरवन्दी र विद्यार्थी संख्याको आधारमा आवश्यक पर्ने भए मात्र प्रतिस्पर्धात्मक तवरले छनौट गरी शैक्षिक गुणस्तर अभिवृद्धि हुने आश्वस्तता गरेर शिक्षक नियुक्ती गर्न गर्नुपर्नेमा सो बमोजिम नभएको खर्च रकम नियमित हुनुपर्दछ।

| | |
|---|---|
| अनियमित भएको | ४१,८६,००० |

४३ **सेनिटरी प्याड वितरण ब्यवस्थापनः**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०७९।८०को क्रियाकलाप नँ २.७.१३.२३ मा स्थानिय तहले सामुदायिक विद्यालयको ६ देखि १२ कक्षा सम्म अध्ययनरत सवै छात्राहरुका लागी निशुल्क सेनिटरी प्याड व्यवस्थाका लागी सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ को अनुसूची १ वमोजिम तोकिएको न्युनतम मापदण्ड अनुसारको १० महिना अवधीका लागी उपलव्ध गराउनु पर्ने ब्यवस्था छ।साथै स्थनिय तहले विद्यालयवाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गर्ने तथा विद्यालयले सो कार्यमा भएको कार्यहरुको प्रतिवेदन तयार गरी स्थानिय तहमा पठाउनु पर्ने उल्लेख छ।यसका अतिरिक्त स्थानिय तहले प्रचलित कानुन वमोजिम खरिद गरी शैक्षिक सूचना प्रणालीको तथ्याँङ्क सँग भिडाई विद्यालयलाई आवश्यक हुने सँख्यामा उपलव्ध गराउनु पर्ने उल्लेख छ। तर गाउँपालिकाले विद्यालयका छात्राहरुको लागी १२००० प्याकेट साधारण तथा ६००० प्याकेट भेन्डिङ्ग मेशिनमा प्रयोग हुने रु.७,८२,१४०।-को सेनिटरी प्याड खरिद गरेको पाईयो। सेनिटरी प्याड विद्यालयका सम्वन्धित छात्रालाई वितरण गरेको प्रमाण पेश भएन । खरिद भएको सेनिटरी प्याड सम्वन्धित छात्राहरुलाई वितरण भई सहि सदुपयोग भएको छ भन्ने अश्वस्त हुने विद्यालयको कार्य प्रतिवेदन तथा गाउँपालिकावाट उक्त प्याड वितरण र प्रयोगको अवस्थाको अनुगमन हुनुपर्दछ ।

४४ **सामाजिक एवं आर्थिक लेखापरीक्षणः**

गाउँपालका अन्तर्गतका सामूदायिक विद्यालयलाई सामाजिक एवं आर्थिक लेखापरीक्षण,विद्यार्थी परिचयपत्र ब्यवस्थापन,विद्यालय तथ्याङ्क ब्यवस्थापन,वुलेटिन प्रकाशन क्रियाकलाप सञ्चालन अनुदान बापत भौ.नं. ८१-२०८०।१०।१८ वाट रु.११,१०,०००।- अनुदान निकासा दिएकोमा उक्त विद्यालयहरुले समामाजिक एवं आर्थिक लेखापरीक्षण गराएका छैनन। तोकिए अनुसार लेखापरीक्षण गराइ लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्दछ ।

४५ **अनुगमन भत्ताः**

सार्वजनिका खर्चमा मितब्ययिता कायम गर्ने सम्वन्धी मापदण्ड २०७७ मा सार्वजिक खर्चलाई मितब्ययी र नतिजामूखी वनाउन सार्वजिनक श्रोतको समुचित प्रयोग गर्नुपर्ने उल्लेख छ।नमुना छनौटको आधारमा परिक्षण गरिएको मध्ये शैक्षिक सुशासनका लागी संस्थागत क्षमता विकास कार्यक्रम अन्तर्गत शिक्षकहरुलाई परिमार्जित पाठ्यक्रम प्रवोधिकरण तालिममा आन्तरिक श्रोत समेतलाई विचार नगरी रु १५२५०। खर्च लेखेकोमा मापदण्ड विपरित अनुगमन खर्च लेखेको भनी लेखापरीक्षणले औंल्याएपछि रु १०१५०। फिर्ता दाखिला भएकोले नपुग निम्मानुसार वाँकी रकम असुल गर्नुपर्ने रु.

| नाम | अनुगमन खर्च लेखेको दिन | दर | कर कट्टि पछिको रकम रु. |
|---|---|---|---|
| रायभान ओली | २ | १५०० | २५५० |
| जानका खड्का | २ | १५०० | २५५० |
| जम्मा | | | ५१०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,१०० |

४६ **औषधी खरिदः**

औषधीजन्य मालसामान खरिद तथा आपूर्ती ब्यवस्थापन सहजीकरण पुस्तीका २०७९ वमोजिम स्वास्थ्य ब्यवस्थापन सूचना प्रणालीवाट संकलन भएको रुग्णता,सेवाको उपलब्धता,उपचार तालिका,विद्युतीय आपूर्ती ब्यवस्थापन सूचना प्रणाली वमोजिमको अभिलेख र प्रतिवेदन आधारमा संकलन भएको तथ्याङ्क विवरण एवं स्वीकृत कार्यक्रम वमोजिम औषधीको आवश्यकता एवं तोकिएको स्पेसिफिकेशनसंग विश्लेषण गरी लागत अनुमान तयार गरी विश्वस्वास्थ्य संगठनवाट निर्धारित कुशल उत्पादन अभ्यास अनुशरण भई उत्पादन अभ्यास प्रमाणित भएका उत्पादकवाट त्यसै मापदण्ड अनुरुपको औषधी तथा औषधीजन्य सामाग्री आवश्यक परेको समयमा स्वच्छ प्रचलित सार्वजनिक खरिद कानुन वमोजिम प्रतिस्पर्धाको माध्यमवाट ब्यवस्थापन गर्नुपर्ने उल्लेख छ।प्राप्त विवरण अनुसार पालिकाले यस वर्ष रु.१२,०१,९४८।- को औषधी तथा औषधीजन्य सामान खरिद गरेकोमा उल्लेखित मापदण्डको पालना गरेको पाईएन।सहजीकरण पुस्तिकाले निर्दिष्ट गरेका मापदण्डको पूर्ण पालना गरी औषधी ब्यवस्थापन गर्नुपर्दछ।

४७ **करार पारीश्रमिकः**

स्थानीय स्वास्थ्य कार्यक्रम मार्गदर्शन २०८०।८१ मातृ तथा नवशिशु कार्यक्रमवाट स्वास्थ कर्मचारी(अ.न.मीहरुको) परिश्रमिक मात्र भुक्तानी गर्न सकिने ब्यवस्था छ। कार्यपालिकाको २०७४ असोज ३ को निर्णयले नियुक्त भएका मातृ तथा नवशिशु सरसफाई कर्मचारी जानकी किमाडी र सरस्वती देवी विष्टलाई श्रावण देखि चैत्र सम्म मासिक १६,५००।–का दरले राजश्व वाडफाड खर्च शिर्षकवाट तलव खर्च लेखेकोमा २०८१ वैशाख देखी आषाढसम्मको तलव खर्च सघीय शसर्त अनुदान खर्च शिर्षकवाट खर्च लेखेकोले शर्शत अनुदानबाट खर्च नियमित हुनुपर्दछ।

| | |
|---|---|
| अनियमित भएको | ९९,००० |

४८ **संचितकोष फिर्ताः**

आमा सुरक्षा कार्यक्रम अन्तर्गत कोटभैरव स्वास्थ्य चौकीका भक्तराज पाण्डेलाई कार्यक्रम सञ्चालन वापत भौ.नं. २६३-२०८१।३।१८ वाट रु. १५०,०००।- को पेश्की फछ्र्यौट गर्दा रु. १,२३,६००।– खर्चको वील भर्पाई पेश गरी रु. २६,४००।– पालिकाको राजश्व खातामा दाखिला गरेको पाईयो ।फिर्ता रकम संघीय संचित कोषमा दाखिला गर्नुपर्नेमा स्थानिय संचित कोषमा दाखिला गरेको देखिएको उक्त रकम संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २६,४०० |

४९ **उद्यम कार्यक्रमः**

उद्यम कार्यक्रमवाट सञ्चालित तालिम,प्रशिक्षणवाट रोजगारी सृजना भए नभएको यकिन गरी प्रगती हासिल गर्नुपर्दछ।गरिवी निवारणका लागी लघुउद्यम विकास कार्यक्रम अन्तर्गत नयाँ उद्यमी सृजना तथा उद्यमीको स्तरोन्नतीको लागी पुनर्ताजगी र एडभान्स तालिम सञ्चालनको लागी भौ.नं.२६६-२०८१।३।११ वाट१५ दिने हाते ट्याक्टर मर्मत र १६७-२०८१।२।२२ वाट सिलाईकटाई र होजीयारी तालिममा क्रमशः २६८३८०।-,रु.२३८,९००।- वजेट खर्च गरेकोमा तालिमको लागी उद्यमीको छनौट गर्दा लिएका आधारहरु पेश भएन।साथै उद्यम तालिम दिएकाहरुले आयआर्जनमूलक ब्यवसाय गरे नगरेको अनुगमन गरेको पाईएन। सञ्चालित तालिम कार्यक्रमवाट नयाँ उद्यमी सृजना भए नभएको तथा उद्यमीको स्तरोन्नतीको सम्वन्धमा प्रगती प्रतिवेदन संलग्न गरी कार्यक्रमको उदेश्य पुरा भए नभएको यकिन हुनुपर्दछ।

५० **अनुदानको उपयोग-** कार्यालयले प्रदान गर्ने अनुदानको वितरण वास्तविक लाभग्राहीले प्राप्त गर्ने सुनिश्चितता, अनुदानको सदुपयोग, मितव्ययी अनुदान वितरण, प्राप्त गरेको अनुदानले जीवनस्तरमा पार्ने प्रभाव लगायतको सुनिश्चितता गरी अनुदान वितरण गर्नुपर्दछ । नमुना छनौटको आधारमा परीक्षण गर्दा पालिकाले वितरण गरेको अनुदान प्रकृया र अनुदानको मूल्याँकन गर्दा समूह तथा निजी फर्म छनौट गरेको आधार पेश नभएको, वडा कार्यालयको सिफारीशका आधारमा छनौट गरेको, गोठ निर्माण गरेका फर्मलाई बाख्रा वा भैसीका पाडा वितरण नभएको र बाख्रा वा भैसीका पाडा वितरण गरेकाको गोठ निर्माण नभएको, खरिद गरिएका वाख्रापाठाको दर सरकारी निकायवाट लिई उचित मूल्यमा एकमुष्ट खरिद नगरी कृषक आफैले बिभिन्न निजी व्यक्तिका फर्मबाट खरिद गरेको विलको आधारमा अनुदान रकम भुक्तानी दिएको, लिएका पाठापाठी प्रजनन योग्य रहे नरहेको स्पष्ट नखुलाएको, गोठ निर्माण गरेकाहरुले पनि पशुपालन गरे नगरेको सुनिश्चितता नगरेको, अनुदान लिएपश्चात न्यूनतम कति समय पशुपालनमा आवद्ध रहने कवुलियत नगराएको,

सरकारी अनुदानको दुरुपयोग भए नभएको मूल्याङ्कन गरेको नदेखिएकोले प्रदान गरिएको अनुदानको उचित उपयोग र उपलब्धि सम्बन्धमा आश्वस्त हुन सकिएन ।

| भौ नं मिति | अनुदान पाउनेको नाम | प्रयोगजन | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ९९-२०८१।३।१८ | जोशी बाख्रा फार्म (निजी फर्म) | गोठ निर्माण | ९६००० | |
| १००-२०८१।३।१८ | एम एस ए पोल्ट्रि फर्म (निजी फर्म) | मासु प्रवर्द्धन | ५०००० | आषिष खुद्रा तथा फलफूल पसल समेत रहेको र प्रति जोर टर्कि चल्लाको दर ४५००। |
| १०२-२०८१।३।१९ | जयमष्टा सुर्मा पशुपंक्षी फर्म (निजी फर्म) | गोठ निर्माण | ९५३३० | |
| १०३-२०८१।३।१९ | शारदा बहुउद्देश्यीय कृषि तथा पशुपंक्षी फर्म (निजी फर्म) | गोठ निर्माण | ९६००० | |
| १०४-२०८१।३।१९ | कृषक तथा सहकारी फर्म ८ समूह रहेको | मासु प्रवर्द्धन | २६०००० | |
| १०७-२०८१।३।२१ | श्रृजना पोल्ट्रि फर्म (निजी फर्म) | मासु प्रवर्द्धन | ५०००० | प्रति लौकाटको चल्ला दर ७१०० रहेको |
| १०९-२०८१।३।२१ | रावल वाख्रा फर्म(निजी फर्म) | मासु प्रवर्द्धन | ६०००० | स्थानीय खरिजातका १० पाठा आफैले खरिद गरेको |
| ११०-२०८१।३।२२ | मष्टा कृषि फर्म (निजी फर्म) | मासु प्रवर्द्धन | ६०००० | स्थानीय खरिजातका १० पाठा आफैले खरिद गरेको |
| १११-२०८१।३।२२ | पवित्रा बहुउद्देश्यीय कृषि तथा पशुपंक्षी फर्म (निजी फर्म) | मासु प्रवर्द्धन | ६०००० | स्थानीय खरिजातका १० पाठा आफैले खरिद गरेको |
| १२१-२०८१।३।२२ | फूलवारी कृषक समूह | मासु प्रवर्द्धन | ५९००० | स्थानीय खरिजातका १० पाठा आफैले खरिद गरेको |
| १२२-२०८१।३।२२ | जिवनज्योति कृषि तथा पशुपंक्षी फर्म (निजी फर्म) | मासु प्रवर्द्धन | ६०००० | स्थानीय खरिजातका १० पाठा आफैले खरिद गरेको |
| १२६-२०८१।३।२३ | जयमष्टा कृषि तथा पशुपंक्षी फर्म (निजी फर्म) | मासु प्रवर्द्धन | ६०००० | स्थानीय खरिजातका १० पाठा आफैले खरिद गरेको |
| १२७-२०८१।३।२३ | जोशी कृषि तथा पशुपंक्षी फर्म (निजी फर्म) | मासु प्रवर्द्धन | ६०००० | स्थानीय खरिजातका १० पाठा आफैले खरिद गरेको |
| १३९-२०८१।३।२४ | प्रगतिशिल बाख्रा पालन फर्म(निजी फर्म) | मासु प्रवर्द्धन | ६०००० | स्थानीय खरिजातका १० पाठा आफैले खरिद गरेको |
| १४२-२०८१।३।२४ | भवानी पशुपंक्षी कृर्षि फर्म(निजी फर्म) | गोठ निर्माण | ९६००० | |
| १४३-२०८१।३।२४ | लाली गुराँस महिला कृषक समूह | मासु प्रवर्द्धन | ६०००० | कृषक आफैले खरिद गरेको |
| १४५-२०८१।३।२४ | अहिल्या पशुपंक्षी पालन समूह | मासु प्रवर्द्धन | ६०००० | पडा वितरण आफले खरिद गरेको |
| | जम्मा | | १३४२३३० | |

५१ **रतन अनन्त बहुउद्देश्यिय सहकारी संस्थाको उत्पादन र बजार सुदृढिकरण कार्यक्रम**

रतन अनन्त बहुउद्देश्यिय सहकारी संस्थाको उत्पादन र बजार सुदृढिकरण कार्यक्रमको संघीय सरकार विशेष अनुदान शिर्षकमा यसवर्ष रु ६५ लाख विनियोजन भई रु ४४०७१५४। खर्च भएको आर्थिक कारोवारको सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्

५१.१ विशेष अनुदान सम्बन्धी कार्यविधि २०७७ को बुंदा ३ मा विशेष अनुदान प्रदान गर्न सकिने आधार र क्षेत्रहरुमा सहकारीसंस्थाको उत्पादन र बजार सुदृढिकरण कार्यक्रमको लागि अनुदान प्रदान गरिने व्यवस्था गरेको छैन । त्यस्तै बुँदा ४(३)१ मा आयोजना/कार्यक्रम माग गर्दा खुलाउनु पर्ने कुराहरुमा आयोजना कार्यक्रम संचालन गर्नुपर्ने आवश्यकताको पुष्टयाई, सम्भाव्यता अध्ययन, मापनयोग्य प्रतिफल वा लाभ तथा योजनाको दिगोपना, वित्तिय तथा भौतिक क्षमता वा जनशक्ति लगायतका विषयहरु उल्लेख गरेको छ । कार्यपालिकाले संघीय विशेष अनुदान माग गर्न ५ योजनाहरु प्राथमिकता अनुसार क्रमश: थलारा मावि भवन निर्माण तथा घेरवार, गुगै तथा वेत्तोला खानेपानी, कुच मयल सडक, शेरी जिउला सिंचाई कुलो र रतन अनन्त बहुउद्देश्यिय सहकारी संस्थाको उत्पादन र बजार सुदृढिकरण कार्यक्रम माग गरेकोमा प्राथिमकताको अन्तिममा रहेको तथा विशेष अनुदान कार्यविधिले अनुदान प्रदान गर्न सकिने क्षेत्र भन्दा अन्य योजना/ कार्यक्रममा अनुदान प्रदान गर्न मिल्ने देखिएन ।

५१.२ पालिकाले २०७९ पौष महिनामा राष्ट्रिय योजना आयोगमा पेश गरेको प्रस्तावमा आयोजनाको कूल लागत ४,०६,५०,०००।हुने तथा प्रस्तावित कृषि तथा पशुपालन क्षेत्र प्रवर्धन व्यवसायीकरण तथा बजारीकरण गर्न सधन खाद्यान्न वालि उत्पादनमा बृद्धी, व्यवसायीक ताजा तरकारी उत्पादन कार्यक्रम, मसला वालीहरुको व्यवसायीक खेतीलाई प्रोत्साहन गर्न विशेष कार्यक्रम गर्ने, उपोष्ण तथा समशितोष्ण क्षेत्रमा उत्पादन हुने फलफूलहरुको प्रवर्धन तथा विकास, परम्परागत वालीहरुको प्रवर्धन, पशुहरुको नश्ल सुधार, पशु आहार व्यवस्थापन, गोठ व्यवस्थापन पशु स्वास्थ्य सेवामा सुधार गरी उत्पादकत्व र उत्पादनमा बृद्वि तथा मौरीपालन कार्यक्रम संचालन गर्ने उद्धेश्य रहेको देखिन्छ ।उल्लेखित उद्धेश्यहरु पुरा गर्न उद्धेश्यमूलक क्रियाकलापहरु निर्धारण गरी क्रियाकलापगत आर्थिक प्रस्ताव पेश गर्नु पर्नेमा सो विपरित निम्नानुसारका क्रियाकलापमा खर्च हुने गरी विशेष अनुदान माग गरेकोले प्राप्त अनुदान विशेष अनुदान कार्यविधिले निर्धारण गरेको क्षेत्रमा खर्च हुने देखिंदैन ।

| सि नं | विवरण | प्रति युनिट लागत | लक्ष्य | कूल वजेट |
|---|---|---|---|---|
| १ | Land purchase for agri product market center | १०००००० | ५ रोपनी | ५०००००० |
| २ | Construction of market yard, stores and administrative building | ३५००००० | १ | ३५००००० |
| ३ | Tools and equipment(weighing/ packaging/ sealing/ labelling | २०००००० | १ | २०००००० |
| ४ | Office furniture furnishing and equipment | २०००००० | १ | २०००००० |
| ५ | Seed money for products/agri inputs purchase and sales | ५०००००० | १ | ५०००००० |
| ६ | Procurement of vehicles for collection and market delivery | ३०००००० | २ | ६०००००० |
| ७ | Networking of cooperatives and orientation for marketing | २५०००० | ३ | ७५०००० |
| ८ | Production and post-harvest training to cooperative members | ४५०००० | १० | ४५००००० |
| ९ | Exposure visit for cooperative members/ Executives | ७००००० | ३ | २१००००० |
| १० | Input support for cooperatives for cooperative for production | ५०००००० | १ | ५०००००० |
| ११ | Capacity development training in marketing and post harvest | ५००००० | ३ | १५००००० |
| १२ | Miscellaneous | ३००००० | १ | ३००००० |
| | जम्मा | | | ४०६५०००० |

५१.३

सहकारी संस्थाको लागि यस वर्ष प्राप्त ६५ लाखलाई २०८०।११।२१ को कार्यपालिकाको वैठकले रकमगत रुपमा वाँडफाँड नगरी सावुन उत्पादनका सामग्री, अल्लो प्रशोधन सामग्री र भैंसी/ वाख्रा खरिद क्रियाकलाप गर्ने निर्णय अनुसार घरेलु तथा साना उद्योग कार्यालयले उपलव्ध गराएको दररेट अनुसार रु ५० लाखको लागत अनुमान बनाई वोलपत्र मार्फत खरिद गर्दा जय हुनैनाथ सप्लायर्स एण्ड निर्माण सेवाले कवोल गरेको रु ४३०१६२७। मा खरिद गरी भौ नं १४९।२०८१।३।२४ बाट भुक्तानी दिएको छ। बजेट माग गर्दा योजना आयोगमा पेश भएको प्रस्ताव र सोभन्दा फरक क्रियाकलापमा कार्यपालिकाको निर्णय अनुसार खरिद गरेको विशेष अनुदान कार्यविधिले अनुदान प्रदान गर्न सकिने क्षेत्र भन्दा अन्य योजना/ कार्यक्रममा खर्च गरेको रकम नियमित हुनुपर्दछ।

| | |
|---|---|
| अनियमित भएको | ४३,०१,६२७ |

५१.४ **कर समायोजन** - अभिवृद्धि कर नियमावली २०५३ को नियम १७(१) अनुसार मुल्य अभिवृद्धि करमा दार्ता दर्ता भएका व्यक्तिले वस्तु तथा सेवा विक्रि गर्दा प्रापकलाई कर विजक दिनुपर्ने उल्लेख छ । मुल्य अभिवृद्ध कर नियमावलीको १७(१) अनुसार मुल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु आपुर्ति गर्दा कर अधिकृतले अन्यथा स्विकृत गरे देखि वाहेक प्रापकलाई अनुसुचि ५ र ५(क) वमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ ।उल्लेखित खरिद कार्यको रकम भुक्तानी माग गर्दा जय हुनैनाथ सप्लायर्स एण्ड निर्माण सेवाले पेश गरेको कर विजक केरमेट भएको तथा २०८०।एम।८ देखि ननफाईलर रहेको देखिएकोले निजलाई भुक्तानी भएको रु.३४६४१४। को मूल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण समेत पेश हुनुपर्दछ ।

५१.५ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली नियमावली २०७७ को नियम १४ मा सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लागत स्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुने व्यवस्था छ ।सावुन उत्पादनका सामग्री, अल्लो प्रशोधन सामग्री खरिद गर्दा माग फारम पेश नभएको, कार्यालयले जिन्सी दाखिला गरी हस्तान्तरण नगरेको तथा सम्बन्धित सहकारीले पनि जिन्सी दाखिला गरेको प्रमाण पेश गरेको छैन । त्यस्तै खरिद भएका सामग्री प्रयोग गर्ने सम्बन्धमा कुनै कार्यविधि नवनेको, खरिद भएको सामग्रीको उपयोगको सुनिश्चितता नगरेको तथा प्राप्त अनुदान पहुँच प्रभावको आधारमा प्राप्त भएको देखिंदा अपेक्षित प्रतिफल प्राप्त हुने देखिंदैन । यस सम्बन्धमा सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।

५२ **वडा नं ७ को प्रशासनिक भवन**

लागत अनुमान रु ९७२८२०५। रहेको वडा कार्यालय भवन निर्माण कार्य डिपिजी निर्माण सेवाले कबोल गरेको रु ६७३६७५९।८४ मा २०८१।३।२० भित्र सम्पन्न गर्ने गरी २०८०।८।२० मा ठेक्का सम्झौता भई रु ४६१७११०। भुक्तानी भएको निर्माण कार्य सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:

५२.१ **खर्च अनुपात** - संघीय सरकारको समपूरक अनुदानमा संचालित कार्यक्रममा संघीय सरकारको ५० प्रतिशत र गाउँपालिकाको ५० प्रतिशतका अनुपातमा खर्च गरिनुपर्दछ । कार्यालयले वडा कार्यालय भवन निर्माण योजना कार्यान्वयन गरेकोमा प्राविधिक मूल्याँकन अनुसार रु ४६१७११०। बरावरको कार्य भई सोही बरावर भुक्तानी भएको पाईयो । नियम बमोजिम पालिकाले व्यहोर्नुपर्ने रकम नव्यहोरी संघीय अनुदानबाट मात्र खर्च गरी पालिकाले नवेहोरेको रकम रु २३०८५५५। सम्बन्धित संचित कोषमा फिर्ता गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २३,०८,५५५ |

५२.२ **निर्माण सामग्री** – सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने सम्बन्धी व्यवस्था छ । उल्लेखित भवन निर्माण कार्यको लागत अनुमान तयार गर्दा पुरानो भवन भत्काई निर्माणस्थल खालि गर्नेकार्यको लागि मू अ कर समेत रु ६२१४८। को लागत रकम राखी ठेक्का व्यवस्थापन गरेकोमा पुरानो भवन भत्काउँदा प्राप्त हुने काठ, झ्याल, ढोका, ढुङ्गा ईटा लगायत सामान पुन प्रयोग गर्न सकिने वा नसकिने यकिन गरी सकिने अवस्थामा प्रयोग हुने परिमाण र रकम यकिन गरी नयाँ भवनको लागत अनुमानमा उक्त सामानको मुल्य घटाई लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन गर्नुपर्नेमा पुरानो भवनबाट निस्केका र निर्माण व्यवसायीले प्रयोग गरेको सामानको नघटाई निर्माण व्यवसायीलाई उक्त कार्यको मू अ कर समेत रु १२९११४। भुक्तानी दिएकोले पुरानो भवन भत्काई प्राप्त भएको सामानको अवस्था यकिन गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२९,११४ |

५२.३ **विल भुक्तानी** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) ख मा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको बास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्ययवस्था छ ।प्रथम रनिङ विलको भुक्तानी दिंदा शिल व्याण्ड तथा लिन्टल कार्यको ९.०२ घमी आरसिसि कार्यवापत भुक्तानी दिएकोमा providing and laying first class local chimney made brick one or more brick thick wall in cement mortar 1:4 कार्यको भुक्तानी दिंदा शिल व्याण्ड तथा लिन्टल कार्यको परिमाण नघटाई भुक्तानी गरेकोले निर्माण व्यवसायीले कवोल गरेको गाह्रो लगाउने कार्यको प्रति घमी रु. १९०००।- का दरले रु. १९३६५९।– मू.अ.कर समेत असूल गरी संघीय सञ्चित कोष दाखिला हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९३,६५९ |

५२.४ **प्रोभिजनल सम-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा उल्लेख भएकोमा बाहेक दश लाख रुपैयाँ भन्दा बढीको निर्माण कार्य गर्दा विमा गराउनु पर्ने र ऐनको दफा ६३ (१) को खण्ड (ग) र सो को नियमावलीको नियम १११(१) को खण्ड (ङ) मा निर्माण कार्यको गुणस्तर परीक्षण र नियन्त्रणको व्यवस्था छ । निर्माण कार्यमा काम, मेशिनरी औजार, निर्माण सामग्री कामदार र प्राविधिक कर्मचारीको विमा गर्नुपर्ने भए पनि सम्झौताको विल अफ क्वाण्टिटिको प्रोभिजनल सम आईटममा कामदार र टेक्निसियनको विमा वापत रु ३००००। रकम व्यवस्था भए पनि विमा नगराएको र गुणस्तर परीक्षणको लागि रकम व्यवस्था नगरेको तथा निर्माण व्यवसयीले पनि निर्माण सामग्रीको गुणस्तर परीक्षण गराएको पाईएन । नियमावलीको प्रावधान अनुसार निर्माण कार्यमा विमाको व्यवस्था र कामको गुणस्तरको आश्वस्तता हुनुपर्दछ ।

५२.५ **अधुरो कार्य** - निर्माण व्यवसायीसंग भएको सम्झौताको शर्त अनुसार समयमै काम सम्पन्न गर्नुपर्दछ । उल्लेखित निर्माण कार्यको दुईवटा मूल्याँकन अनुसार रु ४६१७११०। वरावरको काम गरी भुक्तानी दिएको छ । निर्माण व्यवसायीसंग भएको सम्झौतामा कार्यतालिका पेश नभएको, समयमै कार्य गराउन निर्माण व्यवसायीलाई सचेत नगराएको तथा सम्झौताको म्याद समाप्त भएकोमा लेखापरीक्षण अवधि २०८१।५।१६ सम्म म्याद थप नभएको तथा इलेक्ट्रिफिकेशन तथा स्यानिटेशन लगायत रु २११९६४९। वारवरको कार्य वाँकीनै रहेकोले हर्जना सहित म्याद थप गरी निर्माण कार्य सम्पन्न गरिनु पर्दछ ।

५३ **गुणस्तर परिक्षण र नियन्त्रणः**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३(१ग) र सो को नियमावलीको नियम १११(१ङ) मा सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वियन गर्दा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्ने ब्यवस्था छ । ठेक्का सम्झौताका दफाहरुले गुणस्तर माथी कार्यालय प्रमुखको प्रत्यक्ष नियन्त्रण रहने ब्यवस्था गरेको छ।पालिकाले यस वर्ष रु. ८,२५,४३,४८०।-को पूजीगत खर्च गरेकोमा गुणस्तरीय निर्माणको लागी गुणस्तर आश्वस्तता योजना (Quality Assurance Plan) तयार गरी जनशक्ती सहितको प्रयोगशाला स्थापना गर्नुपर्नेमा नगरेको,निर्माण कार्यमा गरिएका नमुना परिक्षणहरु सिलवन्दी परिक्षणको अधारमा गर्नुपर्नेमा खुला नमुना प्रयोग गरेको,प्राविधिकहरु निर्माणस्थलमा उपस्थीत भई निरिक्षण अभिलेख र साईट डायरी राखी कामको गुणस्तर कायम गर्नुपर्नेमा निरिक्षण अभिलेख र साईट डायरी राख्ने जस्ता गुणस्तर परीक्षण भएको सुनिश्चित हुने अभिलेख राखेको पाईएन।निर्माण ब्यवसायीलाई गुणस्तर आश्वस्तता योजना पेश गर्न लगाई त्यसको आधारमा सिमेन्ट,डण्डी,ईटा,ढुङ्गा,गिट्टी,वालुवा,जि.आई.तार,कंक्रीट क्युव लगायतका निर्माण सामाग्रीको गुणस्तर परिक्षण गरी उक्त परिक्षणवाट उपयुक्त देखिएका गुणस्तरयुक्त निर्माण समाग्री प्रयोग गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

५४ **नापी जडान** – कार्यालयले पाइप तथा फिटिंङ्गस खरिद गर्दा गत विगतको मौज्दात ख्याल गरी सोको उपयोग गर्ने, अत्यावस्यक भएमा मात्र खरिद गर्ने तथा नापी जडान देखिए अनुसार जिन्सी खातावाट मौज्दात घटाउनु पर्दछ । योबर्ष प्रयोजन र योजना नखुलाई प्रदेश सरकार हस्तान्तरीत कार्यक्रम पूजीगत शिर्षकवाट आर्थिक वर्षको अन्त्यमा २० एम एम पाईप १६ को ७५०० मिटर खरिद गरी स्टोर मौज्दात राखी निलम हार्डवेयर एण्ड सप्लायर्सलाई भौ नं २३-२०८१।३।२३ वाट रु ३३९०००। भुक्तानी दिएको छ । प्रयोजन र

आयोजना नखुलाई आर्थिक बर्षको अन्त्यमा बजेट फ्रिज नगराउन उद्धेश्यले खरिद गर्न मिल्ने देखिदैन । खरिद भएका पाईप योजनामा प्रयोग गरी जडान भएको नापी बिवरणबाट नदेखिएकाले खरिद पाईप योजनामा प्रयोग भएको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,३९,००० |

५५ **वडा नं ४ मा विद्युत लाईन प्रसारण**

सभाले स्वीकृत गरेको वार्षिक कार्यक्रम अनुसार विद्युत प्राधिकरणसंगको लागत साझेदारीमा राष्ट्रिय प्रसारण लाईन विस्तार गर्न विद्युत वितरण केन्द्र बझाङलाई रु ३२००००। पेश्की दिएको कारोवारको सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्

५५.१ सवै नागरिकलाई विद्युत सेवा उपलव्ध गराउने दायित्व नेपाल विद्युत प्राधिकरणको हो । विद्युत सेवा प्रदान गरे वापत ग्राहकहरुवाट प्राधिकरणले सेवा शुल्क लिने गर्दछ ।त्यस्तै विद्युत प्राधिकरणले टेलिफोन तथा अन्य केवल सेवा प्रदायकले विद्युत प्राधिकरणको पोल उपयोग गरे वापत सेवा शुल्क लिने गर्दछ । सडक वत्तिको शुल्क समेत स्थानीय निकायहरुवाट लिने गर्दछ । विद्युत प्राधिकरणको कार्यक्षेत्र भित्रको प्रसारण लाईन निर्माण कार्यको लागि लाग्ने सम्पूर्ण लागत प्राधिकरणले व्यहोर्नुपर्ने गरी योजना संचालन गर्न पालिकाका पदाधिकारीहरुले पहल नगरी पालिकाको ५० प्रतिशत साझेदारीमा गर्न गाउँसभाले रु ३२ लाख विनियोजन गरेको उचित देखिएन ।

५५.२ **लागत साझेदारी** - कार्यपालिकाको मिति २०८०।८।२९ को निर्णय अनुसार गाउँपालिकावाट रकम विनियोजन भई प्राधिकरणलाई कार्य अगाडी बढाउन अनुरोध गरिएकोमा प्राधिकरणको मिति २०८०।८।२५ को पत्रानुसार पालिकासंगको साझेदारीमा विद्युतिकरण गर्न प्राधिकरणवाट बजेट स्वीकृत भईसकेकोले रकम जम्मा गरिदिन अनुरोध भई आएकोले पालिकाले व्यहोर्नुपर्ने रकम आवश्यकता अनुसार भुक्तानी दिने निर्णय भएको पाईयो । त्यस्तै प्राधिकरणको २०८०।८।२१ को स्वीकृत टिप्पणी आदेश अनुसार कूल ६४ लाख लागत लाग्ने लागत अनुमान सहितको विवरण पठाई २०८०।१०।१५ ठेक्का सम्झौता हुनुपुर्वनै पालिकाको सहभागि रकम पठाई दिनुहुन भनि पत्राचार गरे अनुसार पालिकाले भौ नं १६-०८०।९।५ बाट रु १६ लाख र भौ नं २३-०८०।१०।१६ वाट रु १६ लाख समेत रु ३२ लाख पेश्की स्वरुप विद्युत प्राधिकरणलाई रकम उपलव्ध गराएको छ । प्राधिकरणले पालिकामा पेश गरेको स्वीकृत टिप्पणी आदेश अनुसार HT/Line construction and tr. Installation कार्यको रु ११७१५९९।६५ लागत अनुमान वनाई शिलवन्दी दरभाउ पत्र प्रस्ताव आव्हान गरेकोमा रु ६३९५८०। मा मू अ कर समेतमा कवोल गरेको देखिन्छ । पालिकामा रु ६३९९७१०। को लागत अनुमान पेश गरी रु ३२ लाख लागत साझेदारी गराएकोमा HT/Line construction and tr. Installation कार्य बाहेक अन्य कार्य विद्युत प्राधिकरणमा रहेको सामान र विद्युत प्राधिकरणकै जनशक्तिवाट हुने देखिन्छ । प्राधिकरणले ठेक्का मार्फत खरिद गरी मौज्दात रहेको सामग्री र आफ्नै कर्मचारी मार्फत गर्ने कार्यको वास्तविक लागत अनुमान बनाई सोको आधारमा साझेदारी माग गर्नुपर्नेमा गरेको नदेखिएकोले योजनामा भएको यथार्थ खर्च (Real cost) को आधारमा लागत साझेदारीको रकम लिएको प्रमाण पेश हुनुपर्नाको साथै प्राधिकरणको नाममा रहेको पेश्की कानून बमोजिम फर्स्योट हुनुपर्ने रु

| | |
|---|---|
| पेश्की | ३२,००,००० |

५६ **कार्यसम्पन्न प्रतिवेदन**- सार्वजनिक खरिद निमयावली २०६४ को नियम ११ मा लागत अनुमान सम्बन्धी र १२३ मा विल विजकको भुक्तानी दिंदाको आधार उल्लेख गरेको छ । पालिकाले नविकरणीय उर्जा कार्यक्रम अन्तर्गत सडकमा ८ सौर्य वत्ति जडान गर्ने कार्य गर्दा खरिदको लागत अनुमान तयार नगरेको, सौर्य वत्ति खरिद गर्दा वैकल्पीक उर्जा प्रवर्धन केन्द्रले निकालेको सन्दर्भ मूल्यलाई आधार नलिएको, ३ वटा सप्लायर्ससंग दर माग गरी कालिका ईलेक्ट्रोनिक्सले पेश गरेको दर रु ८०००००। मा खरिद गरेकोमा माग फाराम खरिद आदेश र जिन्सी दाखिला नभएको, RETS Test certificate पेश नभएको तथा सडकमा जडान गरी कार्यसम्पन्न समेत भएको देखिएन । सप्लायर्सलाई भौ नं १५६- ०८१।३।२४ वाट रु ७०९९९९। मात्र भुक्तानी दिएको कार्यको कार्यसम्पन्न प्रतिवेदन पेश गरिनुपर्दछ ।

५७ **गैर सरकारी संस्था मार्फत कार्य** - स्थानीय तहले स्थानीय सरकार संचालन ऐन, २०७४को दफा २५ बमोजिम गैरसरकारी संस्थाले स्थानीय तहसँग समन्वय गरी आफ्ना योजना र कार्यक्रम स्थानीय तहको योजना, बजेट तथा कार्यक्रममा समावेश गराई मात्र सञ्चालन गर्न सक्ने व्यवस्था गरेको छ। वडा नं ८ को लागि कृषि तथा उद्योग कार्यक्रममा विनियोजित रु ३ लाख ५० वाट हजार वडाको सिफारिशमा प्रगतिशिल युवा समाज (समाज कल्याण परिषद दर्ता नं १६५५०।०६१) मार्फत हाते ट्र्याक्टर लगायतको सामग्री खरिद

गरी वितरण गरेको छ । समाजले पेश गरेको कार्यक्रम अनुसार वडाद्वारा विनियोजित रु ३५००००। उद्यमी स्वलगानी रु २२५००। र समाजले रु ११५९९०। लगानी गर्ने देखाएपनि समाजले गर्ने लगानी गरे नगरेको स्षष्ट देखिंदैन । पालिकाको कृषि तथा उद्योग शाखा मार्फत संचालन हुने यस्ता वितरणमुखी क्रियाकलाप गैर सरकारी संस्था मार्फत गराएको उपयुक्त नदेखिनुका साथै गैसस लाई भौ नं ५२७-२०८१।३२१ बाट भुक्तानी भएको रु ३४९९१७। मा आयकर ऐन २०५८ को दफा ८८(१) बमोजिम सेवा शुल्क भुक्तानीमा १५ प्रतिशतका दरले हुने कर रु ५२४८७। असूल गरी राजश्व दाखिला हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५२,४८७ |

५८ **वढि भुक्तानीः**

लागत अनुमान तयार गर्दा प्रयोग गरिने नर्म्स र दररेट किफायती हुनुपर्दछ। निर्माण सम्वन्धी पि.सि.सि. तथा आर.सि.सि कार्यको दर विश्लेषण गर्दा सडक विभागले जारी गरेको नर्म्स २०७५ अन्य नर्म्स भन्दा किफायती देखिन्छ। साथै लागत अनुमान तयार गर्दा प्राविधिकले स्थानियस्तरमा उपलब्ध नहुने सामानको दर विश्लेषण गर्नु हुदैन। पालिकाले पि.सि.सि. तथा आर.सि.सि. गर्ने कार्यको लागी चाहिने गिट्टी स्थानिय स्तरमा ४० एम.एम.डाउन रोडा गिट्टी हातले कुटेको मात्र प्रयोग हुने अवस्थामा क्रसरद्धारा टुक्र्याईएको फरक फरक साईजको दर राखी लागत अनुमान तयार गर्दा अनुसूचीमा उल्लेखित योजनाहरुमा उपभोक्ता समितीलाई १२,१९,२१९।- वढि भुक्तानी गरेको पाईयो ।स्थानिय स्तरमा उपलब्ध नहुने सामाग्रीको दर राखी लागत अनुमान तयार भएबाट रु.१२,१९,२१९। बढी भुक्तानी भएको देखिएकोले उक्त रकम असुल गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ५८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,१९,२१९ |

५९ **उपभोक्ता अंशः**

उपभोक्ता अंशः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिवाट हुने निर्माण कार्यको लागत अनुमान तयार गर्दा जनसहभागिताको अंश उल्लेख गर्नुपर्ने ब्यवस्था छ। पालिकाभित्रका निर्माण योजनामा उपभोक्ता समितिले ब्यहोर्ने अंश समान हुने गरी लागत अनुमान वनाई सम्झौता गर्नुपर्नेमा पालिकाले देहायवमोजिम योजनामा फरक फरक सहभागिता अंश राखी योजना सम्झौता गरेको पाईयो।समान कामको लागी समान लागत अंश ब्यहोर्ने गरी योजना कार्यान्वयन गर्नुपर्दछ।

| **सि.न.** | **योजनाको नाम** | **ल.इ. रकम (रू)** | **गा.पा. अनुदान रकम (रू)** | **उ.स. लागत सहभागिता** | |
|---|---|---|---|---|---|
| | | | | **रकम (रू)** | **प्रतिसत (%)** |
| १ | खप्तड प्रवेश द्वार गेट निर्माण वडा न. ६ | ९५८४९३ | ८६४००० | ९४४९३ | ११% |
| २ | देवलभगवती पैदल मार्ग निर्माण | ७६०४३ | ६९१२०० | ६९०४३ | १०% |
| ३ | कुलाकाट्ने - सिरेटा सडक निर्माण वडा न. ९ | ९५६६३२ | ८६४००० | ९२६३२ | ११% |
| ४ | डाडाबाघ प्रा.वि. फिल्ड निर्माण वडा न.८ | ५३८१७२ | ४८०००० | ५८१७२ | १२% |
| ५ | दिपायल चैनपुर लोक मार्ग मर्मत | १६५३०९६ | १३२९२५९ | ३२३८३७ | २४% |
| ६ | बर्थिंग सेन्टर निर्माण वडा न.१ मोतिपुर | १२२१९९४ | १०५६००० | १६५९९४ | १६% |
| ७ | कालिका मन्दिर निर्माण वडा न. १ | १७१३१२ | १४४००० | २७३१२ | १९% |
| ८ | तल्गाउँ खानेपानी मर्मत वडा न.२ | १११७३६ | ९६००० | १५७३६ | १६% |
| ९ | नमादेउ वाठपाला देउघर निर्माण | १११७३६ | ३२४८०० | ७७५३१ | २४% |
| १० | गविर खानेपानी निर्माण वडा न.२ | १९७७९९ | १७२८०० | २४९९९ | १४% |
| ११ | भगवती मन्दिर घेरवार | १२५७९६ | ९६००० | २९७९६ | ३१% |
| १२ | बदुकाली वाटो पि.सि.सि. | २७२०३० | २२५००० | ४७०३० | २१% |

६० **योजनाको अभिलेख तथा हस्तान्तरणः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) मा उपभोक्ता समिति वा लाभग्राही समूदायले निर्माण कार्य सम्पन्न गरेपछी सोको अभिलेख राखी रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी उपभोक्ता समितिलाइ हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । गाउँपलिकाले आफ्नो कार्य क्षेत्र भित्रको उपभोक्ता समिति वा लाभग्राही समूदायले निर्माण गरेको आयोजनाको अभिलेख राखी मर्मत सम्भारको जिम्मेवारी सहित उपभोक्ता समितिलाइ हस्तान्तरण गरेको पाइएन । अतः नियमावलीमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

६१ **अधुरो निर्माणः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२७ मा सार्वजनिक निकायले ऐनको दफा ५९ को उपदफा(४) वमोजिम सार्वजनिक हितका लागी सुविस्ताको आधारमा सम्झौताको अन्त्य गर्न सक्ने ब्यवस्था छ।त्यस्तै नियमावलीको नियम १२८ मा सम्झौता उल्लङ्घन भए प्राप्त हुने उपचार सम्वन्धी ब्यवस्था समेत छ।पालिकावाट ठेक्का ब्यवस्थापन भएका योजनाहरु मध्ये निम्नानुसारका योजना निर्माण ब्यवसायीले सम्झौता वमोजिम कार्य नगरेको,समपुरक योजनाको हकमा थप वजेटको ब्यवस्था नगरेकोले म्याद थप दिई थप कार्य गराउन नसकिने भनी कार्यपालिकाको मिती २०८० फाल्गुण ११ को निर्णय अनुसार ठेक्का रद्द गर्ने निर्णय गरेको छ। निर्माण ब्यवसायीले सम्झौताका साथै कार्यतालिका तथा संसोधित कार्यतालिका पेश नगरेको तथा पालिकाले ब्यवसायीलाई समयमै कार्य सम्पन्न गराउन सचेत गराएको समेत देखिएन।ठेक्का रद्द गर्ने प्रक्रिया सम्वन्धी कागजात लेखापरीक्षमा पेश नभएकोले ठेक्का रद्द सम्वन्धी पालिकाले गरेको प्रक्रिया विश्लेषण गर्न सकिएन।सम्झौता अनुसार कार्य नगर्ने निर्माण ब्यवसायीलाई ऐन अनुसार कार्यसम्पादन जमानत जफत गरी,सम्झौता वमोजिम वाँकी रहेको कार्य पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम सम्झौता वमोजिम काम नगर्ने वोलपत्रदातावाट सरकारी वाँकी सरह असुल उपर गर्ने तर्फ कार्यालयले ध्यान दिएको देखिएन।

| योजना | निर्माण व्यवसायी | सम्झौता रकम | सम्झौता मिति | सम्पन्न गर्नु पर्ने मिति | हाल सम्मको भुक्तानी |
|---|---|---|---|---|---|
| ठेक्का न. २-२०७८/७९ त्याड़ी प्रा.वि. भवन निर्माण | न्यू कालिका निर्माण सेवा | ४५,२४,३१५.४४ | २०७८/०७/२५ | २०७९/०३/२५ | २०,६८,३००.२९ |
| ठेक्का न. ४-२०७९/८० इमिली आर.सी.सी. नहर निर्माण कार्य | विजय कन्स्ट्रक्सन | 50,५९,०००.४४ | २०७९/१२/०१ | २०८०/०३/२० | १५,८७,३३०.७८ |
| ठेक्का न. ११-२०७७/७८ दुर्गा भवानी आ.वि. रिटेनिङ्ग वाल तथा फिल्ड निर्माण | खप्तड निर्माण सेवा | १२,६७,६५०.९५ | २०७८/०१/१० | २०७८/०३/२० | ७,६०,१२३.८८ |
| ठेक्का न. १२-२०७७/७८ त्रिभुवन मा.वि. फिल्ड निर्माण | गोल्डेन कन्स्ट्रक्सन | ९,४७,३९१.७२ | २०७८/०१/०९ | २०७८/०३/२० | ५,६५,९३१.५४ |

६२ **प्रशासनिक भवन निर्माणः**

लागत अनुमान रु.३,०५,८७,८६५।- रहेको पालिकाको प्रशासकिय भवन पहिलो तथा दोश्रो तल्ला निर्माण कार्य अनमोल/सिविआर जें.भी..ले कवोल गरेको रु. २,४३,७५,८०२।०२ मा २०८१।७।२० भित्र सम्पन्न गर्ने गरी २०८०।२।१७ मा सम्झौता भएको र तेश्रो वील समेतवाट रु. १२०,१७,६२०।- खर्च लेखेको योजनाका सम्वन्धमा देखिएका ब्यहोराहरु निम्न छन्

६२.१ **वीमाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा ब्यवस्था भएकोमा वाहेक वीस लाख रुपैया भन्दा वढि निर्माण कार्य गर्ने निर्माण ब्यवसायीले निर्माण सामाग्री,प्रयोग गरिने मेशिन,औजार लगायत निर्माण कार्यको वीमा गराउनुपर्ने उल्लेख छ साथै सम्झौताको विशेत शर्तको १९.१ मा निर्माण सामाग्री,प्रयोग गरिने मेशिन,औजार लगायत निर्माण कार्यको सम्झौता रकमको ११५ प्रतिशत वीमा गर्नुपर्ने उल्लेख भएकोमा निर्माण ब्यवसायीले निर्माण सामाग्री,प्रयोग गरिने मेशिन,औजार लगायत निर्माण कार्यको वीमा गरेको पाईएन।नियमावली तथा सम्झौताको शर्त वमोजिम सम्भावित जोखिम न्युनीकरणको लागी वीमा गराउनुपर्दछ।

६२.२

**कार्यतालिका अद्यावधिकः** सम्झौताको विशेष शर्तको ३४.३ मा निर्माण ब्यवसायीले Letter of Acceptance प्राप्त गरेको दिनमा निर्माण कार्यको कार्यतालिका स्वीकृत गराउनुपर्ने तथा स्वीकृत कार्यतालिका वमोजिम कार्य हुन नसकेमा प्रत्येक ३० दिनको अन्तरालमा कार्यतालिका अपडेट गरी पेश गर्नुपर्ने उल्लेख छ। ।यस निर्माण योजनाको निर्माण ब्यवसायीले सम्झौता वमोजिम कार्यतालिका अद्यावधिक गर्ने गरेको पाईएन। समयमा कार्य नहुने जोखिम न्युनिकरण गर्न सम्झौताको शर्तवमोजिम कार्यतालिका अद्यावधिक गर्नुपर्दछ।

६३ **वित्तिय समानिकरणवाट चालु खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ । पालिकाले योजना तथा कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम तयार गर्ने र सभावाट पारित गरी कार्यान्वयन गर्नुपर्दछ । पालिकाले पेश गरेको विववरण अनुसार पालिकाको नियमित प्रकृतिका संचालन खर्च, तालिम, गोष्ठि, मसलन्द, खेलकूद कार्यक्रम, पशु र कृषि सम्बन्धि चालु प्रकृतिका कार्यक्रम, दलित शसक्तिकरण कार्यक्रम, स्वास्थ्य कार्यक्रमको तालिम, बैठक, समिक्षा गोष्टि लगायतमा १९० वटा गोश्वारा भौचरवाट रु ३१८२४९२८। खर्च लेखेको छ । पालिकाले आफ्नो आन्तरीक आयलाई ख्याल नगरी तथा योजना तर्जुमाको आधार र वित्तिय समानिकरण बाट चालु प्रकृतिको खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

६४ **स्थलगत निरिक्षणः** कार्यालयले यस वर्ष सञ्चालन गरेका योजनाहरुको वर्षात,पहिरो तथा सवारी साधनको अभावको कारण स्थलगत अनुगमन गर्न सकिएको छैन।कार्यालयले पेश गरेको श्रेस्ता कागजात प्राविधिक मूल्याङ्कनको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ।

६५ **आन्तरिक लेखापरीक्षणवाट कायम ब्यहोराः**

आर्थीक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ नियम ८५(१)मा कार्यालयले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औल्याएका कैफियत सम्वन्धमा अन्तिम लेखापरीक्षण हुनु अगावै आवश्यक प्रमाण संलग्न गरी फछ्यौंट गर्नुपर्ने ब्यवस्था छ। सोही नियमको उपनियम ४ वमोजिम आन्तरिक लेखापरिक्षणवाट देखिएका निम्नअनुसारका ब्यहोरा अन्तीम लेखापरीक्षण सम्म फर्स्यौट नभई वँकी रहेको देखिएकोले नियम अनुसार फर्स्यौट गर्नुपर्दछ।

६५.१

**असुल गर्नुपर्ने ब्यहोराः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्त्व नियमावली २०७७ को नियम ३९(५)मा खर्चको भुक्तानी गर्दा खर्च पुष्ट्याँई गर्ने विल भर्पाई प्रमाण कागजात संलग्न गर्नुपर्ने तथा उपनियम १० मा रित पुगे नपुगेको चेकजाँच गरी भुक्तानी गर्नु पर्ने ब्यहोरा उल्लेख छ।पालिकाले देहायवमोजिमको भुक्तानीमा रित नपुगी वील भर्पाई भन्दा वढि भुक्तानी रु. १९,८४७।– गरेकोले ।उक्त रकम असुल गर्नुपर्ने रु.

| भौ.नं. | विवरण | रकम रु. |
|---|---|---|
| ४०। २०८०/०७/२३ | पशु शाखामा कार्यरत जनक थापा २०८० असोज १७ देखि २२ सम्म कार्यालयमा हाजिर भएको समयको खोरेत रोगको लागि विभिन्न वडामा गएको भनि भ्रमण भत्ता भुक्तानी गरेको असुल गर्नपर्ने रु. | ६९०० |
| ६१९-२०८१। ०३।२४ | भरत बहादुर रोकायालाई कार्यालयको सामाग्रीको ढुवानी भुक्तानी गर्दा भरपाई रु ५८३०० रहेकोमा रु ६२०३२ भुक्तानी गरेकोलेपेश वीलभर्पाई भन्दा वढि भुक्तानी रु.३,७३२।–असुल गर्नुपर्ने रु. | ३७३२ |
| ४८ | विशाल ओझालाई क्षयरोग अर्धवार्षिक समिक्षा कार्यक्रमको सञ्चालन भुक्तानी गर्दा विल भरपाई रु ६६३८५ रहेकोमा ६७७०० भुक्तानी गरेकोले पेश वीलभर्पाई भन्दा वढि भुक्तानी रु. | १३१५ |
| १०५-२०८०। १२।०२ | प्रगतिशिल युवा समाज सिमखेतले सञ्चालन गरेको रणनीति तर्जुमाकार्यान्वयन कार्यक्रममा सहभागिहरुलाई भत्ता दिदा बुझ्नेको हस्ताक्षर नभएकाकोले कार्यक्रम सञ्चालन गर्नेवाट असुल गर्नुपर्ने रु. | ४००० |
| २१२-२०८१। ०३।०५ | क्षयरोग मुक्त पालिका घोषणा कार्यक्रममा पदम बहादुर ओलीलाई विल भरपाई रु ४९०९० रहेकोमा रु. रु ५०५९० भुक्तानी गरेकोले पेश वीलभर्पाई भन्दा वढि भुक्तानी रु. | १५०० |
| ३४-२०८१। ०३।०२ | अंग्रेजी विषयगत तालिमकोमा मणिराम शर्मालाई सम्झौता गर्दा १२ सेसनको प्रति सेसन रु २५०० का दरले रु ३०००० हुनुपर्नेमा रु ३२,०००।-तथा दैनिक भ्रमण खर्च ६.२५ दिनको प्रति दिन रु १६०० का दरले रु १०००० हुनुपर्नेमा रु १०४०० भुक्तानी गरेकोले सेसन तथा भ्रमण वापतको वढि भुक्तानी असुल गर्नुपर्ने रु. | २४०० |
| जम्मा | | १९८४७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,८४७ |

६५.२ आयकर ऐन २०५८ को दफा ८८ मा सेवा सुल्कवापको भुक्तानीमा अग्रिम कर कट्टि गरनुपर्ने ब्यवस्था छ । पालिकाले देहायवमोजिमको भुक्तानी अग्रीम कर दाखिला नगरेको रकम रु.९५७०।- दाखिला गर्नुपर्ने रु.

| भौ.नं. | विवरण | रकम रु. |
|---|---|---|
| १७७-२०८१। ०२।२४ | ICT व्यवस्थापन र अन्य सामाग्रीहरु धनगढीबाट बझाङ्गसम्म ढुवानी गर्दा रु २३०००।-भाडा भुक्तानी गरेकोमा रु.२३००।– भाडाकर कट्टि दाखिला गर्नुपर्नेमा २३० मात्र दाखिला गरेकोले वाँकी रु.२०७०।–ढुवानी कर दाखिला गर्नुपर्ने रु. | २०७० |
| ३४० | वाट पेट भेट सेन्टर धनगढिवाट खरिद गरेको माइनर सर्जिकलव गाइनो क्लोजिकलको भुक्तानी गर्दा जम्मा विलको रु ४,९९,९८८।- को १.५ प्रतिशत अग्रिम आयकर रु ७५००।– दखिला नभएकोले उक्त कर दाखिला गर्नुपर्ने रु | ७५०० |
| जम्मा | | ९५७० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,५७० |

६५.३ **प्रमाण पेश गर्नुपर्ने ब्यहोराः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) वमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने उल्लेख छ ।पालिकाले भौं.नं. १७५-२०८०/१०/१२ वाट रु. १०,५१८।– खर्च लेखेकोमा उक्त खर्चको वीलभर्पाई पेश भएन।उक्त खर्चको पुष्ट्याई हुने प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,५१८ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : थलारा गाउँपालिका, बझाङ , थलारा गाउँपालिका , बझाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सिद्ध राज पण्डित | २०७८-१२-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | दिपक राज पाण्डेय | २०७९-६-९ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,८१०,१३८ | ११,८१६,८३५ | ५,६२०,१५५ | ० | ० | ५,०००,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २४,२४७,१२८ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | २४,२४७,१२८ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | १६६२०४५०.६४ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३११९२५१६० | चालु खर्च | ३०५७३९००३.२८ |
| प्रदेश सरकारबाट अनुदान | १६३६६६६० | पूँजीगत खर्च | ८२५४३४८० |
| राजश्व बाँडफाँट | ७०९६९०४३.०४ | वित्तीय/अन्य व्यवस्था | १२८०३५१४६.९ |
| आन्तरिक आय | ३०९१५४८.० | | |
| अन्य आय | १२०२७२२४७.९८ | | |
| कुल आय | ५२२६२४६५९.०२ | कुल खर्च | ५१६३१७६३०.१८ |
| बाँकी मौज्दात | | २२९२७४७९.४८ | |

## बेरूजु दफा ५८ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| सि.न. | योजनाको नाम | इकाई | जम्मा परिमाण | प्रयोग भएकोप्रति इकाई दर | हुनु पर्ने प्रतिइकाई दर | फरक (बढी भएकोप्रति इकाई दर) | बढी भुक्तानीभएको रकम |
|---|---|---|---|---|---|---|---|
| पिसिसि एम २० | | | | | | | |
| १ | खप्तडप्रवेश द्वार गेट निर्माण वडा न. ६ | घ.मि. | १८.६० | २७४२७ | २११४१ | ६२८६ | ११६८९३ |
| २ | देवलभगवतीपैदल मार्ग निर्माण | घ.मि. | ५.३८ | ३२१९० | २५९०४ | ६२८६ | ३३८१७ |
| ३ | बर्थिंगसेन्टर निर्माण | घ.मि. | १५.७६ | २८०३७ | २१७५१ | ६२८६ | ९९०६१ |
| ४ | कुकुरेल्लाआर.सी.सी. पुल निर्माण | घ.मि. | २.३१ | २६६५२ | २०३६७ | ६२८६ | १४५२० |
| | जम्मा | | | | | | २६४२९१ |
| १ | भुवनेश्वरआधारभुत विद्यालय घेरवार | घ.मि. | ०.८४ | २३५६१ | १८२९६ | ५२६५ | ४४२३ |
| २ | सरस्वती आधारभुत विद्यालय भवन मर्मत | घ.मि. | ०.४६ | २३५६१ | १८२९६ | ५२६५ | २४२२ |
| ३ | सरस्वती आ.वि. खानेपानी तथा शौचालय पिपलगडा थलारा | घ.मि. | २.२७ | २५४११ | २०१४६ | ५२६५ | ११९५२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | भगवति मन्दिर निर्माण | घ.मि. | ३.९० | २५१७६ | १९९११ | ५२६५ | २०५३४ |
| ५ | डोरगाउँ सिचाई पोखरी निर्माण | घ.मि. | ३.४५ | २६३१९ | २१०५४ | ५२६५ | १८१६४ |
| ६ | गाविर खानेपानी मर्मत | घ.मि. | ०.४० | २४९६९ | १९७०४ | ५२६५ | २१०६ |
| ७ | मालिका भवानी बालबिकास केन्द्र शौचालय निर्माण | घ.मि. | १.२८ | २७२५२ | २१९८७ | ५२६५ | ६७३९ |
| ८ | शारदा मा.वि. घेरवार | घ.मि. | १.४३ | २२०२६ | १६७६१ | ५२६५ | ७५२९ |
| ९ | वडा कार्यालय खानेपानी निर्माण | घ.मि. | ०.७३ | २६७४५ | २१४८० | ५२६५ | ३८४३ |
| १० | कालिका आ.बि घेरबार | घ.मि. | १.०० | २१७७७ | १६५१२ | ५२६५ | ५२६५ |
| ११ | लागा मन्दिर घेरबार तथा मर्मत | घ.मि. | ०.६९ | २३०७३ | १७८०८ | ५२६५ | ३६५१ |
| १२ | महालिंग प्रा.बि. घेरबार | घ.मि. | ०.३४ | २३९५१ | १८६८६ | ५२६५ | १७९० |
| १३ | सिरेटा सार्कीटोल मन्दिर निर्माण | घ.मि. | २.१३ | २२४५२ | १७१८७ | ५२६५ | ११२१४ |
| १४ | छेपा ढुंगा सी.कु. मर्मत | घ.मि. | ०.६२ | २३५६१ | १८२९६ | ५२६५ | ३२४१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५ | मारिका सिंचाई कुलो मत्थिलो | घ.मि. | २.१९ | २३०६५ | १७८०० | ५२६५ | ११५३० |
| १६ | ओझावाडा मन्दिर निर्माण | घ.मि. | ०.६८ | २२८३८ | १७५७३ | ५२६५ | ३५८५ |
| १७ | कालिका मन्दिर घेरबार | घ.मि. | १.०८ | १९०३४ | १३७६९ | ५२६५ | ५६८६ |
| १८ | बगर सिंचाई कुलो | घ.मि. | ३.०६ | २२५३० | १७२६५ | ५२६५ | १६१११ |
| १९ | मारिका तल्लो सिंचाई कुलो | घ.मि. | ४.९९ | २२७४५ | १७४८० | ५२६५ | २६२८३ |
| २० | मुन्ग्रा पुर्चुन्डी सिंचाई कुलो | घ.मि. | ४.८२ | २२०६६ | १६८०१ | ५२६५ | २५३७७ |
| २१ | स्वोर्डील जयूला सिंचाई कुलो | घ.मि. | ४.५३ | २२५३० | १७२६५ | ५२६५ | २३८५० |
| २२ | नुवाघर ढल निकाश | घ.मि. | ०.८१ | २३०८१ | १७८१६ | ५२६५ | ४२६५ |
| २३ | साउद बाडा धल निकाश | घ.मि. | ०.५३ | २२९५० | १७६८५ | ५२६५ | २७९० |
| २४ | दुवाली खानेपानी निर्माण | घ.मि. | १.०३ | २४४०८ | १९१४३ | ५२६५ | ५४२३ |
| २५ | मल्लो भाड़ी सी.कु. निर्माण | घ.मि. | ३.०१ | १९९०४ | १४६३९ | ५२६५ | १५८४८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २६ | भगवती मन्दिर घेरवार | घ.मि. | ०.९१ | २०६२४ | १५३५९ | ५२६५ | ४७९१ |
| २७ | शर्वाजनिक शौचालय निर्माण खोलि | घ.मि. | १.२३ | २३८९१ | १८६२६ | ५२६५ | ६४७६ |
| २८ | बाठपाला मन्दिर घेरवार | घ.मि. | २.०५ | २६५९८ | २१३३३ | ५२६५ | १०७९३ |
| २९ | कर्कले खानेपानी निर्माण | घ.मि. | १.६४ | २५५९६ | २०३३१ | ५२६५ | ८६३५ |
| ३० | नवरत्न प्रा. वि. घेरवार | घ.मि. | ०.३८ | २३०९६ | १७८३१ | ५२६५ | २००१ |
| ३१ | भल्मा सी.कु. निर्माण | घ.मि. | ५.७० | २५५३७ | २०२७२ | ५२६५ | ३००११ |
| ३२ | शुभप्रभात कृषि समूह सार्वजनिक शौचालय निर्माण | घ.मि. | ३.६५ | २१७२८ | १६४६३ | ५२६५ | १९२१७ |
| ३३ | नवादेउ बाठपाला देउघर निर्माण चुथी | घ.मि. | ६.६४ | २५०४२ | १९७७६ | ५२६६ | ३४९६६ |
| ३४ | रत्तन अनन्त स्मृति बहुउद्देशीय सहकारी संस्था लि. ०२ | घ.मि. | २.६२ | २३१०८ | १७८४१ | ५२६७ | १३८०० |
| ३५ | रत्तन अनन्त स्मृति | घ.मि. | ३.१८ | २३१०८ | १७८४० | ५२६८ | १६७५२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बहुउद्देशीय सहकारी संस्था लि. ०१ | | | | | | |
| ३६ | कालिका मन्दिर निर्माण | घ.मि. | ३.८२ | २३८४५ | १८५७६ | ५२६९ | २०१२८ |
| ३७ | बगड देखि डांडा सी.कु. निर्माण | घ.मि. | ४.१८ | २१२३२ | १५९६२ | ५२७० | २२०२९ |
| ३८ | साजन भुवा सी.कु. निर्माण | घ.मि. | ३.४६ | १९८७५ | १४६०४ | ५२७१ | १८२३८ |
| ३९ | शिबलाय मन्दिर निर्माण | घ.मि. | ३.५२ | २४१९४ | १८९२२ | ५२७२ | १८५५७ |
| ४० | बयस खोला ल.ज.बि. सी.कु. निर्माण | घ.मि. | ४.७३ | २६७७२ | २१४९८ | ५२७४ | २४९४६ |
| ४१ | भवानी बिद्यालय गेट निर्माण | घ.मि. | ३.३९ | २३३०५ | १८०३० | ५२७५ | १७८८२ |
| | जम्मा | | | | | | ५१२८४१ |
| | एम १० | | | | | | |
| १ | वैसेलावहुउद्देश्य कृषि तथा पशुपन्छी फर्म | घ.मि | २.५० | १६९९३ | १४८८७ | २१०६ | ५२६५ |
| २ | भुवनेश्वरआधारभुतविद्यालय घेरवार | घ.मि | ३.१० | २०२०६ | १८१०० | २१०६ | ६५२९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| ३ | लाटावेताललाङ्गा मन्दिर निर्माण | घ.मि | २.२१ | २१७६३ | १९६५७ | २१०६ | ४६५४ |
| ४ | मोईलकालिका मन्दिर निर्माण | घ.मि | ०.८९ | १४६०७ | १२५०१ | २१०६ | १८७४ |
| ५ | सरस्वतीआधारभुत विद्यालय भवन मर्मत | घ.मि | ७.०६ | २०२०६ | १८१०० | २१०६ | १४८६८ |
| ६ | सरस्वतीआ.वि. खानेपानी तथा शौचालय पिपलगडा थलारा | घ.मि | ३.५० | २२१६० | २००५४ | २१०६ | ७३७१ |
| ७ | ऐश्वर्यआ.वि. भवन मर्मत | घ.मि | ७.४९ | २०२०६ | १८१०० | २१०६ | १५७७९ |
| ८ | वगाडा वाटोपि.सि.सि. | घ.मि | ९.४० | १५६३५ | १३५२९ | २१०६ | १९७९६ |
| ९ | वाटोपि.सि.सि. दंगार्जी | घ.मि | ९.९० | १६१०४ | १३९९८ | २१०६ | २०८४९ |
| १० | डोरगाउँसिचाई पोखरी निर्माण | घ.मि | २.३६ | २३१९९ | २१०९३ | २१०६ | ४९७५ |
| ११ | काप्रावाटो पि.सि.सि. | घ.मि | १०.८० | १५७८२ | १३६७६ | २१०६ | २२७४५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | करविरआधारभुत विद्यालय घेरबार | घ.मि | ३.६९ | १६४८२ | १४३७६ | २१०६ | ७७७१ |
| १३ | कराली गेडापहिरो नियन्त्रण | घ.मि | ०.७६ | १४२६७ | १२१६१ | २१०६ | १६०१ |
| १४ | मालिकाभवानी बालबिकास केन्द्र शौचालय निर्माण | घ.मि | ०.७३ | २३९६९ | २१८६३ | २१०६ | १५३७ |
| १५ | रानीगाडलघजलबिधुत आयोजना | घ.मि | १.१३ | २००६१ | १७९५५ | २१०६ | २३८० |
| १६ | शारदामा.वि. घेरवार | घ.मि | ४.३४ | १८६०० | १६४९४ | २१०६ | ९१४० |
| १७ | तेडी भवानीआ.वि. भान्छा घर निर्माण | घ.मि | १.७१ | ३००४३ | २७९३७ | २१०६ | ३६०१ |
| १८ | टोटीबाडाऐडिबाडा वाटो पि.सि.सि. | घ.मि | ५.०० | २२९०८ | २०८०२ | २१०६ | १०५३० |
| १९ | चौडदेखिखालिसम्म बाटो पी. सी .सी | घ.मि | २.०० | १४८०६ | १२७०० | २१०६ | ४२१२ |
| २० | कालिकाआ.बि घेरबार | घ.मि | २.२३ | १८४२८ | १६३२२ | २१०६ | ४६९६ |
| २१ | लागामन्दिर घेरबार तथा | घ.मि | १.३८ | १९०९६ | १६९९० | २१०६ | २९०९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | मर्मत | | | | | | |
| २२ | लफडा बाटोपी.सी.सी. | घ.मि | ४.१० | १५११२ | १३००६ | २१०६ | ८६३५ |
| २३ | महालिंगप्रा.बि. घेरबार | घ.मि | १.३२ | २०६१४ | १८५०८ | २१०६ | २७८० |
| २४ | प्रगतिशीलसा.प्रा. प्रा.बि. | घ.मि | १.३६ | २१४६९ | १९३६३ | २१०६ | २८६४ |
| २५ | कालिकामन्दिर घेरबार | घ.मि | २.७२ | १५९१५ | १३८०९ | २१०६ | ५७२८ |
| २६ | ताराटिटंकी मर्मत | घ.मि | ०.८६ | १२५२८ | १०४२२ | २१०६ | १८११ |
| २७ | बस्नेकाडाबाटो पी.सी.सी | घ.मि | ४.३० | १५१७० | १३०६४ | २१०६ | ९०५६ |
| २८ | थालारीगाडसिंचाई कुलो निर्माण | घ.मि | ०.९० | १४९५७ | १२८५१ | २१०६ | १८९५ |
| २९ | दुग्देस्वोरआ.बि घेरबार | घ.मि | ६.०६ | १९४२८ | १७३२२ | २१०६ | १२७६२ |
| ३० | नमदेवमन्दिर ट्रस निर्माण | घ.मि | १.३१ | १५८९७ | १३७९१ | २१०६ | २७५९ |
| ३१ | भैरबकिराना पसल एंड चाउमिन उद्योग | घ.मि | ०.९२ | १४३३८ | १२२३२ | २१०६ | १९३८ |
| ३२ | डाडाबाघकृषी तथा पशुपन्छी फर्म | घ.मि | १.०४ | १८७१८ | १६६१२ | २१०६ | २१९० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३३ | छडीभेलझरना पर्यटकीय संरचना निर्माण | घ.मि | ५.२९ | २५०२६ | २२९२० | २१०६ | ११११४१ |
| ३४ | डाडाबाघप्रा.वि. घेरवार निर्माण वडा न.८ | घ.मि | ३.६४ | १८०९० | १५९८४ | २१०६ | ७६६६ |
| ३५ | शाकाट्यासिंचाई पोखरी वडा न.८ | घ.मि | ०.५० | १६९१६ | १४८१० | २१०६ | १०५३ |
| ३६ | खम्रडप्रवेश द्वार गेट निर्माण वडा न. ६ | घ.मि | १.२६ | १५२५४ | १३१४८ | २१०६ | २६६२ |
| ३७ | थलारामा.वि. घेरवार थलारा - ५, खोलि | घ.मि | ४.१४ | १८४२५ | १६३१९ | २१०६ | ८७१५ |
| ३८ | प्रतिक्षालयनिर्माण वडा न. ५ | घ.मि | २.३२ | २०१८७ | १८०८१ | २१०६ | ४८८६ |
| ३९ | देवलभगवतीपैदल मार्ग निर्माण | घ.मि | २.७३ | १७४५७ | १५३५१ | २१०६ | ५७४९ |
| ४० | मस्तादेवता मंधिर वडा न ५ | घ.मि | ०.५४ | १४२०३ | १२०९७ | २१०६ | ११३७ |
| ४१ | साउद बाडाधल निकाश | घ.मि | १.२१ | १६१९६ | १४०९० | २१०६ | २५४८ |
| ४२ | भगवतीमन्दिर घेरवार | घ.मि | ४.४१ | १४१२३ | १२०१७ | २१०६ | ९२८७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४३ | नवादेवमन्दिर ट्रस निर्माण वडा न. ३ | घ.मि | ५.१४ | १२०९४ | ९९८८ | २१०६ | १०८२५ |
| ४४ | जम्बाजबाटो पी.सी.सी. | घ.मि | ४.४० | १५३४९ | १३२४३ | २१०६ | ९२६६ |
| ४५ | देवलबाजबाटो पी.सी.सी | घ.मि | १०.१५ | १७८७१ | १५७६५ | २१०६ | २१३७६ |
| ४६ | शर्वाजनिकशौचालय निर्माण खोलि | घ.मि | ०.८१ | २०५०८ | १८४०२ | २१०६ | १७०६ |
| ४७ | दिपिल बाटोपी.सी.सी. | घ.मि | ६.०० | १५२०६ | १३१०० | २१०६ | १२६३६ |
| ४८ | नवरत्नप्रा. वि. घेरवार | घ.मि | ३.१३ | १५६०१ | १३४९५ | २१०६ | ६५९२ |
| ४९ | भगवतीप्रा.वि. घेरवार | घ.मि | २.५२ | १७३५५ | १५२४९ | २१०६ | ५३०७ |
| ५० | शाही टोलबाटो पी.सी.सी. कुच | घ.मि | ९.७९ | १५५४५ | १३४३९ | २१०६ | २०६१८ |
| ५१ | कालिकाप्रा.बि. पिपलकोट | घ.मि | ७.०० | २०३९१ | १८२८५ | २१०६ | १४७४२ |
| ५२ | मोरायलझोलुंगे जिप मर्मत | घ.मि | १.२० | १७९४६ | १५८४० | २१०६ | २५२७ |
| ५३ | जनता आ.बि.तेडीमाडू घेरबार | घ.मि | २.२८ | २१३८१ | १९२७५ | २१०६ | ४८०२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५४ | भण्डारीगाउँसाझा भवन निर्माण | घ.मि | २.०२ | १४७९० | १२६८४ | २१०६ | ४२५४ |
| ५५ | कुकुरेल्लाआर.सी.सी. पुल निर्माण | घ.मि | ०.९३ | १४००६ | ११९०० | २१०६ | १९५९ |
| ५६ | अदुकालिबाटो पी.सी.सी. | घ.मि | १०.९१ | १७०७४ | १४९६८ | २१०६ | २२९७६ |
| ५७ | घोडादाउनाबाटो पी.सी.सी. | घ.मि | ६.५० | १७१४६ | १५०४० | २१०६ | १३६८९ |
| ५८ | झापालीबाटो पी.सी.सी. | घ.मि | ४.०२ | १७१४६ | १५०४० | २१०६ | ८४६६ |
| | जम्मा | | | | | | ४४२०८७ |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण

गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ। मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।